# जनकपुर टुडे

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २६ • अंक २४० • २०८१ साल माघ १२ गते शनिबार (25 January, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com




सुशासनका लागि सरकार ... पृष्ठ ५ मा

## गयल शिक्षिकाको नाममा तलब निकासा



**टुडे समाचारदाता**

लहान। सिरहा जिल्लाको एक सामुदायिक विद्यालयमा चरम बेथिति देखिएको छ।

बेतलबी बिदा लिएर अष्ट्रेलिया गएकी एक शिक्षिकाको तलब भने निकासा नरोकिएको बेथिति सार्वजनिक भएको छ।

जिल्लाको गोलबजारस्थित जनता माध्यमिक प्राविधिक विद्यालयका बेतलबी असाधारण बिदामा बसेकी शिक्षिका विमला झाको नाममा तीन लाख रुपैयाँ तलब निकासा गरेर प्रधानाध्यापक भरत साह र नगर शिक्षा शाखाका अधिकृत सुवोध लामाले अनियमितता गरेको बेथिति सार्वजनिक भएको छ।

शिक्षिका झा २०८१ जेठ १० गतेदेखि विद्यालयमा अनुपस्थित छिन्। शिक्षिका झाले बेतलवी असाधारण बिदाका लागि निवेदन दिएकी थिइन्। उनको बिदा स्वीकृतिको लागि विद्यालयबाट वडा कार्यालयको सिफारिससहित गोलबजार नगरपालिकाको शिक्षा शाखामा पठाइएको थियो। शिक्षा शाखाका अधिकृत लामाले पनि सिफारिससहित उनको बिदाको निवेदन जिल्ला शिक्षा समन्वय इकाई सिरहामा पठाए पनि बिदाका लागि स्वीकृति प्रदान गरिएन।

बिदा स्वीकृति नभए पनि शिक्षिका झा छोरी भेट्न अष्ट्रेलिया गएकी छन्।

सोको मौकाको फाइदा प्रधानाध्यापक भरत साहले उनको हाजिरी प्रमाणित गरी नगर शिक्षा शाखामा पठाएर २०८१ असोजसम्मको तलब निकासा गरेको तथ्य सार्वजनिक भएको छ।

प्रधानाध्यापक साहले विद्यालयबाट शिक्षिका झाको तलब २ लाख ९६ हजार ३ सय ४५ रुपैयाँ ६३ पैसा निकासा गरेको छ। उनले हाजिरी रजिष्टरमा पनि किर्ते हस्ताक्षरसहितको हाजिरी गरेका छन्।

सो विद्यालयका एक शिक्षकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निवेदन दिएपछि घटना सार्वजनिक भएको छ।

# भाषाप्रति आफैं धामी आफैं झाँक्री

## असन्तुष्टि हुँदै विधेयक फिर्ता, सरकार असफल भएको टिप्पणी

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारले सरकारी कामकाजको भाषा सम्बन्धी विधेयक दुई दिन नवित्दै फिर्ता लिन बाध्य भएको छ।

सत्तापक्ष, प्रतिपक्ष र मन्त्रीहरुबाटै सो विधेयकप्रति टिप्पणी गर्दै अन्य भाषा छाडेर गैरभाषालाई जवर्जस्ती लाद्ने कार्य भएको भन्दै आपत्ति जनाएका थिए।

मधेश प्रदेश सरकारले आफैले पेश गरेको विधेयक फिर्ता लिएपछि राजनीतिक विश्लेषकहरुले सरकार असफल भएको भन्दै आलोचना समेत गर्न थालेका छन्।

मधेश प्रदेशमा पहिलो पटक प्रदेश सरकारले आफैले पेश गरेको विधेयकमाथि आफैले असन्तुष्टि जनाएर फिर्ता लिनु आलोकाचो निर्णयसंगे अपरिपक्वताको संज्ञा राजनीतिक विश्लेषकहरुले दिएका छन्।

मधेश प्रदेशको भाषासम्बन्धी रहेको भाषा आयोगसमेतको तथ्यांकलाई बेवास्ता गर्दै हचुवाको भरमा राजनीतिक स्वार्थ परिपूर्तिका लागि प्रदेश सरकारले योजनावद्ध तरिकाले विधेयक ल्याएको सभासदहरुद्वारा सरकारकै आलोचना भएपछि सो विधेयकमाथि छलफल हुनु अघि नै फिर्ता लिन परेको छ।

प्रदेशसभा सदस्यहरुसमेतले विरोध गरेपछि बिहीबार सदनको बैठक नै स्थगन गर्नु परेको थियो।

प्रदेश सभाको शुक्रबारको बैठक शुरू हुने बित्तिकै जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले सरकारले छलफल र तयारी नै नगरी सदन प्रस्तुत गरिएको भाषासम्बन्धी विधेयक ल्याएकाले आफूहरु विरोधमा उत्रिएको बताए। मधेश प्रदेश सरकारले सबैसंग छलफल गरेर विधेयक ल्याउनुपर्ने उनले माग गरे।

प्रमुख सचेतक यादवले प्रदेशसभामा प्रस्तुत गर्नु अघि विधेयकमाथि कम्तीमा मन्त्रिमण्डलमा दुई पटक छलफल गरेपछि प्रक्रियागत अनुसार विधेयक छलफलका लागि पेश गर्नुपर्नेमा गुपचुपमा ल्याइएको भाषासम्बन्धी विधेयकका सर्वत्र विरोध भएपछि यसको औचित्यमाथि समेत गम्भीर प्रश्न खडा बताए।

बिहीबार सदन स्थगन भएपछि सभामुख रामचन्द्र मण्डलले प्रदेशसभा सदस्यहरुले भाषासम्बन्धी प्रस्तुत गरिएको विधेयक फिर्ता लिनका लागि मुख्यमन्त्री सतीशकुमार सिंहका स्वकीय सचिवले आग्रह गर्दै सो विधेयक फिर्ता लिने प्रक्रिया बारे जानकारी लिएका थिए।

शिक्षा तथा संस्कृतिमन्त्री रानीकुमारी तिवारीले भने विधेयकको विरोध भएपछि असन्तुष्टि जनाएकी छन्। सदनमा बोल्दै उनले विधेयक त्रुटिपूर्ण रहेको र थप अध्ययन नगरी पेश गरेको स्वीकार गरिन्। यसमा भएका त्रुटि सच्याएर फेरि ल्याइने उनको भनाइ थियो। आफूले प्रक्रियागत रुपमै गृह कानुन तथा सञ्चार मन्त्रालयमार्फत नै सो विधेयकमाथि अध्ययन, राय सुझावका लागि पठाएको र त्यसपछि आफूले सदनमा ल्याएको उनले भनिन्।

> "आफूले प्रक्रियागत रुपमै गृह कानुन तथा सञ्चार मन्त्रालयमार्फत नै सो विधेयकमाथि अध्ययन, राय सुझावका लागि पठाएको र त्यसपछि आफूले सदनमा ल्याएको"



सो विधेयकमा नेपाली भाषाका अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजीलाई सरकारी कामकाजी भाषाको रुपमा प्रस्ताव गरिएको थियो।

शिक्षा तथा संस्कृतिमन्त्री तिवारीले विधेयक फिर्ता लिने प्रस्ताव गरेपछि सो प्रस्तावलाई सदनबाट पारित गरिएको थियो।

सदनबाट नै सो विधेयकमाथि मन्त्रीदेखि सभासदसम्मले असन्तुष्टि पोख्दै फिर्ता लिन माग गरेपछि उनले सोही अनुसार फिर्ता लिनु परेको छ।

सदनमा पेश सो विधेयक पेश भएपछि उत्पन्न असन्तुष्टि आक्रोशलाई दृष्टिगत गरी शुक्रबार नै मन्त्रिपरिषद्को बैठक बसेर विधेयकप्रति विरोधको स्वरलाई समेट्नका लागि फिर्ता लिने निर्णय गरे अनुरुप शिक्षा तथा संस्कृति मन्त्री तिवारीले फिर्ता लिए।

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा बोलिने जम्मा ६२ वटा भाषा छन्। जसमध्ये सर्वाधिक बोलिने मैथिली भाषी ४१.७३ प्रतिशत रहेको छ। त्यसपछि भोजपुरी १८.८१, बज्जिका १८.४४, नेपाली ५.७६, थारु ४.१७, उर्दु ४.०८, मगही ३.५२ र तामाङ १.६५ प्रशित रहेका छन्। मधेश प्रदेश सरकारले कामकाजको भाषाको रूपमा प्रस्ताव गरेको हिन्दी प्रदेशमा बोलिने मातृभाषाको १० औं स्थानमा रहेको छ। जनगणाअनुसार हिन्दी मातृभाषा भएको जनसंख्या ०.२३ प्रतिशत रहेको छ। त्यस्तै अंग्रेजी मातृभाषीको संख्या शून्य प्रतिशत रहेको छ।

तर मधेश प्रदेश सरकारले पेश गरेको सो विधेयकमा हिन्दी र अंग्रेजी भाषालाई विशेष स्थान दिँदै भाषा राजनीतिक गर्नु गलत रहेको विश्लेषक रोशन जनकपुरीले बताए।

हरेक भाषा सम्मानित रहेको भन्दै विश्लेषक रोशन जनकपुरीले आफ्नो सामाजिक सञ्जाल लेख्दै भनेका छन्, 'हरेक भाषा सम्मानित हो तर राजनीतिक संरक्षणको कुरा आउँदा स्थानीय र मातृभाषाको संरक्षण तथा पहिचान नै अत्यधिक महत्वपूर्ण हुन जान्छ।'

उनले अघि थप्दै लेखेका छन्, 'यस्तै हो भने प्रदेशको सबै भाषालाई सरकारी कामकाजको भाषा घोषित गर्नु नै उचित होला। यो पनि एउटा उदाहरण नै होला। हिन्दी त त्यसै पनि सम्पर्क भाषा हो, प्रदेश पोलिटिक्समा यसको उपस्थिति असान्दर्भिक नै हो।'







# मन्त्रालय अगाडि एक कर्मचारीको मृत्यु




जनकपुरधाम । मधेश प्रदेश भवन अगाडि नै मोटरसाइकल दुर्घटनामा हुँदा भौतिक पूर्वाधार मन्त्रालयका एक कर्मचारीको मृत्यु भएको छ।

दुई वटा मोटरसाइकल विपरीत दिशाबाट आउँदै गर्दा एकआपसमा ठोकिएपछि पूर्वाधार मन्त्रालयका चालक ५० वर्षीय देवेन्द्र यादवको मृत्यु भएको छ।

मृतक यादव लक्ष्मिनीया गाउँपालिका वडा नम्बर १ स्थित सोहनीका हुन् । बिहान कार्यालय जाने क्रममा मधेश भवन अगाडि विपरीत दिशाबाट आएको मोटरसाइकले ठक्कर दिँदा पूर्वाधार मन्त्रालयका चालक यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक बरुणबहादुर सिंहले जानकारी दिए।

टाउकोमा चोट लागेर गम्भीर घाइते भएका यादवलाई अस्पतालमा लैजाँदै गर्दा मृत्यु भएको उनले बताए । मृतक यादव सवार ज १ ब ७५५ नम्बरको मोटरसाइकललाई विपरीत दिशाबाट आइरहेको मधेश प्रदेश २-०२-००४ प ८१९६ नम्बरको मोटरसाइकलले ठक्कर दिएको थियो । ठक्कर दिने मोटरसाइकल चालकसहित २ जना प्रहरी नियन्त्रणमा रहेको उनले बताए।

# अन्तर्राष्ट्रियस्तरको ब्याकयार्ड अल्ट्रा नेपालको तयारी पूरा

काठमाण्डु । नेपालमा पहिलोपटक हुन लागेका अन्तर्राष्ट्रियस्तरको ब्याकयार्ड अल्ट्रा नेपालको तयारी पूरा भएको छ। यही माघ १२ गते शनिबारदेखि सुरु हुन लागेको ब्याकयार्ड अल्ट्रा नेपाल प्रतियोगिता नेपालकै लागि नौलो भएको आयोजक फिट नेपालका प्रमुख राजीव श्रेष्ठले जानकारी दिनुभयो ।

फिट नेपालले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा प्रमुख श्रेष्ठले भक्तपुरको गुण्डुस्थित सुमेरु जङ्गल रिसोर्टबाट शनिबार बिहान ८ बजे सुरु भएर सूर्यविनायक गणेश मन्दिर, पाइलट बाबा आश्रम, गुण्डुको छैंडोलगायत क्षेत्र हुँदै पुनः सोही रिसोर्टमा आएर सम्पन्न हुने जानकारी दिनुभयो। ब्याकयार्ड अल्ट्रा नेपाल सात दशमलव ७०५ किलोमिटरको हुनेछ। यो खेल म्याराथुन जस्तै देखिएपछि यसको नियमहरु भने म्याराथुनहरु भन्दा धेरै फरक हुने उहाँले बताउनुभयो।

प्रतियोगितामा निर्धारित दूरी खेलाडीले बढीमा एक घण्टामा पार गर्नुपर्नेछ।

यसका लागि खेलाडीले कम्तीमा १२ लुप अर्थात् १२ राउन्ड पार गर्नुपर्नेछ। एक घण्टामा एक राउन्ड पार गर्ने खेलाडीले बाँकी समय आराम गरेर पुनः अर्को राउन्ड सुरु गर्न सक्नेछ। एक घण्टामा राउन्ड पूरा गर्न नसक्ने खेलाडी स्वतः प्रतियोगिताबाट बाहिरिनेछ भने नगद पुरस्कार प्राप्त गर्नका लागि कम्तीमा २४ लुप अर्थात् २४ राउन्ड पार गर्नुपर्नेछ।

ब्याकयार्ड अल्ट्रा नेपालमा अन्तिम खेलाडी जसले २४ लुप अर्थात् २४ राउन्ड पार गर्छ उसलाई विजेता घोषणा गरेर नगद पुरस्कार रु एक लाखसहित प्रमाणपत्र प्रदान गरिनेछ। यही प्रतियोगिताअन्तर्गत सोही दिन दोस्रो खेल छ किलोमिटरको फन रन पनि हुने भएको छ। उक्त दूरी पार गर्नुपर्ने यसमा विजेताले नगद रु तीन हजार र 'गिफ्ट भौचर' प्राप्त गर्नेछन्।

त्यसैगरी, १३ वर्षभन्दा मुनिको बालबालिकाका लागि दुई किलोमिटरको 'फिट परिवार' रन'को समेत आयोजना गरिएको छ। यसमा प्रतिस्पर्धी बालबालिकाले साथीका लागि १८ वर्षमाथिका एकजना अभिभावक सहभागी गराउनु पर्नेछ। यसमा पनि विजेतालाई नगद रु दुई हजार पुरस्कारसहित गिफ्ट भौचर प्रदान गरिने आयोजक श्रेष्ठले जानकारी दिनुभयो।

यस प्रकारको प्रतियोगिता नेपालका लागि नौलो भएको र नेपालमा यसको विकास गर्दै खेलाडी उत्पादन गर्ने लक्ष्य लिएकाले जिल्ला खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष एवं कार्यक्रमका संयोजक दीपक थापाले बताउनुभयो। प्राकृतिक सौन्दर्यताको अनुभूति लिँदै जङ्गलमा जङ्गली जनावर र चराचुरुङ्गीको आवाज सुन्दै अवलोकन गर्दै सहभागिता जनाउने ब्याकयार्ड अल्ट्रा नेपाले शारीरिक र मानसिक रुपमा स्वस्थ्य बनाउने थापाले बताउनुभयो।

सन् २०१० बाट अमेरिकामा ग्रे सेन्ट्रेयल लाजारोस लेकले सुरु गरेको उक्त प्रतियोगिता नेपालमा पनि खेलाडी उत्पादन गर्ने र अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी खेलाडी नेपालबाट सहभागी हुन सक्नेगरी विकास गर्ने लक्ष्य लिएको फिट नेपालका प्रमुख श्रेष्ठले बताउनुभयो। प्रतियोगिताको सुरुआतसँगै टिम नेपाल-२०२५ को छनौट गर्ने र यो वर्ष भक्तपुर र पोखरामा दुई महिनाको अन्तरमा तीन-तीनवटा गरी छ वटा खेल हुनेछ।

यसबाट विजेता खेलाडीले सन् २०२६ मा हुने टिम वर्ल्ड च्याम्पियनमा नेपालको टिमबाट सहभागिता गराइने बताउँदै उहाँले नेपाल टिमबाट सहभागिता जनाएर २४ लुपभन्दा बढी पार गर्ने खेलाडीलाई सन् २०२७ मा अमेरिकको टेनिसीमा प्रत्येक वर्षको अक्टोबरमा हुने विश्व च्याम्पियनसिपमा नेपालबाट सहभागी जनाउनेछ। यसअघि अमेरिकामा भएको प्रतियोगितामा बेल्जियमको खेलाडीले एक सय १० लुप पूरा गरी विश्व विजेता बनेको थियो ।रासस

# कामकाजी अभिभावकको भरोसा बन्दै दिवा शिशु स्याहार केन्द्र



काठमाण्डु। माघको पारिलो घाम। साना नानीहरुलाई एउटा कोठामा स्याहारकर्ताले लिटो खुवाइरहेका छन् । खेलौनाले भरिएको अर्को कोठामा गीत बजिरहेको छ, जहाँ बच्चाहरु रमाइरहेका देखिन्छन् । यो दृश्य हो, राज्यकै शक्तिशाली प्रशासनिक केन्द्र सिंहदरबारमा अवस्थित दिवा शिशु स्याहार केन्द्रको । बच्चाहरु पनि स्वच्छन्द तरिकाले खेलिरहेको देख्दा लाग्छ, उनीहरु आफ्नै घरमा छन्।

केन्द्रमा ठ्याक्कै १:३० बजे राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत पवित्रा केसी आउनुभयो। उहाँ हरेक दिन 'ब्रेक टाइम'मा आफ्नो १४ महिनाको बच्चालाई स्तनपान गराउन शिशु स्याहार केन्द्र आइपुग्नुहुन्छ । उहाँले तीन महिनादेखि बच्चालाई यहाँ भर्ना गर्नुभएको छ। श्रीमान् र श्रीमती दुवै जागिरे। घरमा स्याहार गर्ने कोही नभएपछि केन्द्रमा राखेको उहाँको भनाइ छ।

केसी जस्तै देवकी पाण्डे पनि आफ्नो छ महिने बच्चालाई स्तनपान गराउन खाजा समयमा आउनुहुन्छ । रेडियो नेपालमा कार्यरत उहाँले पहिलो सन्तान पनि यही केन्द्रमा राखेर हुर्काउनुभएको हो । उहाँले यही माघ १ गतेदेखि दोस्रो सन्तानलाई पनि कार्यालय समयमा यहाँ राख्न थाल्नुभएको हो । केन्द्रको स्याहारसुसार, खानपानलगायतका व्यवस्थापन राम्रो रहेको पाण्डे बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "केन्द्रले हामीजस्तो कामकाजी आमालाई निकै सजिलो बनाएको छ। अफिस नजिक भएर पनि बेलाबेला आउन सहज छ। खाना स्वस्थ्यकर छ। स्याहार राम्रो छ। बच्चालाई यहाँ छोड्दा ढुक्क लाग्छ।"

राष्ट्रिय अनुसन्धानमा कार्यरत केसीलाई पनि यहाँको सेवा सन्तोषजनक लागेको छ। "जागिरे बा-आमाका लागि यो केन्द्रले निकै फाइदा पुऱ्याएको छ। घरमा बच्चा हेर्ने मान्छे नभएपछि चिन्ता लाग्ने र काममा पनि ध्यान नजाने। हामी दुवै खुसी छौँ", उहाँले भन्नुभयो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा कार्यरत ऋचा कर्णलाई एउटै पिरलो थियो, बच्चा भएपछि कसरी स्याहार गर्ने ? दम्पती नै जागिरे हुँदा कसरी बच्चाका लागि समय निकाल्ने भन्ने चिन्ता अहिले दिवा केन्द्रले दूर गरिदिएको कर्णको भनाइ छ । हाल उहाँको बच्चा १० महिनाको भएको छ। "समय समयमा दूध खुवाउन आउन पाएकी छु। सुरुमा त केन्द्रको खानपिन कस्तो होला भन्ने चिन्ता लाग्थ्यो तर सबै सेवा राम्रो लाग्यो। पौष्टिक खानेकुरा दिनुहुन्छ । समयमा खुवाइदिने, डाइपर लगाइदिने सुविधा छ ।" उहाँले सरकारले यस्ता दिवा केन्द्र अरु ठाउँमा पनि खोल्नुपर्ने बताउनुभयो।

शिला शर्मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा कम्प्युटर अपरेटरका रुपमा कार्यरत हुनुहुन्छ। बच्चा सात महिना हुँदा दिवा केन्द्रमा राख्नुभएको थियो, अहिले १४ महिनाको भइसकेको छ। सेवासुविधा राम्रो रहेको उहाँको भनाइ छ।

**थप बजेट आवश्यक**

दिवा शिशु स्याहार केन्द्र विसं २०६७ मा निजामती कर्मचारी श्रीमती सङ्घद्वारा व्यवस्थापन हुनेगरी सञ्चालनमा ल्याइएको हो । सङ्घमा मुख्य सचिवकी श्रीमती पदेन अध्यक्ष हुने व्यवस्था छ । केन्द्रकी व्यवस्थापक शान्ति थापाका अनुसार बालबालिकालाई तीन प्रकारले वर्गीकरण गरिएको छ । तीन महिनादेखि एक वर्ष, एक वर्षदेखि दुई वर्ष र दुई वर्षदेखि तीन वर्षसम्मका लागि छुट्टाछुट्टै कोठाको व्यवस्था छ । हाल केन्द्रमा ७५ जना शिशु छन्। खानामा उमेरअनुसार जाउलो, ओट्स, सेरलेक्स्, रोटी, अण्डा, फलफूल दिइन्छ। आमाहरुले हाजिर गर्नुभन्दाअघि नै ९:३० बजे केन्द्र खुलिसक्छ। सरकारी कार्यालयको समयअनुसार नै यहाँको सेवा सञ्चालन हुने गरेको छ । ब्रेक टाइममा बेलाबेलामा आएर आमाहरु स्तनपान गराउँछन्।

> शिला शर्मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा कम्प्युटर अपरेटरका रुपमा कार्यरत हुनुहुन्छ । बच्चा सात महिना हुँदा दिवा केन्द्रमा राख्नुभएको थियो, अहिले १४ महिनाको भइसकेको छ । सेवासुविधा राम्रो रहेको उहाँको भनाइ छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बजेटमा सञ्चालित यो दिवा सेवा केन्द्रमा ७५ जना बालबालिकाको क्षमता छ। हाल ४० जना बालबालिका प्रतिक्षा सूचीमा छन्।

बच्चाहरुलाई स्याहार गर्ने, खाने, सुताउने, मात्र नभई मानसिक विकास, सामाजिक घुलनका लागि विभिन्न क्रियाकलापमा संलग्न गराउने गरिएको सह-व्यवस्थापक सङ्गीता घिमिरे बताउनुहुन्छ। "हामीले हरेक बालबालिकाको क्रियाकलापलाई ध्यानमा राखेका हुन्छौँ । कसैको आँखा पो कमजोर छ कि, केही अङ्गमा समस्या पो छ कि भनेर याद गर्छौं", उहाँ भन्नुहुन्छ, "बच्चाले आँखाको इसारा, सुनेर, खेल्दा धेरै कुरा सिक्छन् । बच्चामा पनि एकअर्कासँग प्रतिस्पर्धाको भावना हुँदो रहेछ । समयसमयमा आमाहरुलाई पनि स्याहारसम्बन्धी तालिम दिँदै आएका छौँ।"

बालबालिकाले समूहमा बस्ने, मिलेर खाने र खेल्ने सबै तालिकाअनुसार गर्छन्। "घरमा खाने टुङ्गो हुँदैन । यहाँ स्कुलजस्तै गरेर राखिएको छ। खाने, सुत्ने हरेक कुराको समय तालिका बनाएका छौँ । त्यहीअनुसार बच्चाहरु मिलेर बसेका छन्", उहाँ भन्नुहुन्छ। व्यवस्थापनले आमाहरुको 'भाइबर ग्रुप' पनि बनाइदिएको छ । बच्चाले दिनभर गरेको क्रियाकलाप भाइबरमा राखिन्छ, जसले कामका बेलामा पनि आमालाई आफ्नो बच्चाको न्यास्रो नलगोस् र काम गर्ने ऊर्जा प्राप्त भइराखोस्।

निजामती कर्मचारी सङ्घकी कार्यवाहक अध्यक्ष राधा ज्ञवाली महिला कर्मचारीलाई काम गर्न सहज होस्, स्तनपान गराउन सहयोग होस् र कार्यदक्षतामा असर नपरोस् भन्ने उद्देश्यले दिवा सेवा केन्द्र सञ्चालन गरिएको बताउनुहन्छ । उहाँले सङ्घले दुई वर्षदेखि ललितपुरमा पनि दिवा सेवा केन्द्र सञ्चालन गरेको र भक्तपुरमा पनि खोल्ने तयारी रहेको बताउनुभयो । हाल केन्द्रमा निजामती स्थायी कर्मचारीका छोराछोरीले मात्र भर्ना पाउने व्यवस्था छ। ठाउँ सीमित भएकाले त्यसो गर्नुपरेको ज्ञवाली बताउनुहुन्छ । "धेरै करारका कर्मचारीहरुले बच्चालाई राख्दिनुपर्यो भनेर अनुरोध गर्नुभएको छ, तर बजेट र ठाउँ अभावले ७५ जनाको मात्र क्षमता रहेको छ", उहाँ भन्नुहुन्छ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले केन्द्र सञ्चालनका लागि वार्षिक रु ६० लाख दिँदै आए पनि यो वर्ष रु ७० लाख बजेट प्राप्त भएको छ। यसअघि अभिभावकहरुले महिनाको रु एक हजार पाँच सय तिर्दै आए पनि बजेट अभावले यो वर्षदेखि रु दुई हजार सात सय बनाउनुपरेको व्यवस्थापन पक्षको भनाइ छ।

हाल १३ जना स्याहारकर्ता केन्द्रमा कार्यरत छन्। तीन महिनादेखि एक वर्षसम्मका १७ शिशु छन्, उनीहरुलाई चार जनाले हेर्छन् । यस्तै, एकदेखि दुई वर्षसम्म २८ जनालाई चार जना स्याहारकर्ताले स्याहार गर्छन् । दुईदेखि तीन वर्षका ३० जनालाई पाँच जनाले स्याहार गर्छन् । भान्सामा एक जना कुक र एक सहयोगी छन्।

सहव्यवस्थापक थापाले दिवा सेवा केन्द्रको मापदण्डअनुसार पूर्वाधार निर्माण गर्न नसकिएको बनाउनुभयो । "पूर्वाधार बालबालिकामैत्री छैनन् । बजेट कम छ । हरेक बच्चालाई आया त पुगेको छैन तर पनि स्याहारमा हामीले शतप्रतिशत दिने प्रयास गरेका छौँ । स्तनपान कक्ष, बिरामी कक्षको आवश्यकता छ। बजेटले भ्याएसम्म गुणस्तरीय सेवा कायम गर्ने कोशिस गरेका छौँ।"रासस

# नेपालमा व्यावसायिक गतिविधि बढाउन पाकिस्तान सरकारलाई मन्त्री भण्डारीको आग्रह



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालमा व्यावसायिक गतिविधि बढाउन पाकिस्तान सरकारसँग आग्रह गर्नुभएको छ।

मन्त्रालयमा मन्त्री भण्डारी र नेपालका लागि पाकिस्तानी राजदूत अब्रार एच हश्मीबीच शुक्रबार भएको शिष्टाचार भेटका क्रममा सबै मुलुकसँग नेपालले व्यावसायिक सहकार्यलाई बढावा दिन चाहेकाले पाकिस्तान सरकारलाई पनि उहाँले सो आग्रह गर्नुभएको हो।

नेपालको सङ्घीय संसदले नेपाल-पाकिस्तान संसदीय मैत्री समूह गठन गरेको विषय जानकारी गराउँदै मन्त्री भण्डारीले यस संसदीय आदानप्रदानले द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ पार्न महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो।

उहाँले भन्नुभयो, "हामीले दुई राष्ट्रबीच अर्थमन्त्री स्तरमा संयुक्त आर्थिक आयोग र विदेश सचिव स्तरमा द्विपक्षीय राजनीतिक परामर्श संयन्त्रको स्थापना गरेका छौं, हामीले यी संयन्त्रमार्फत सम्वाद र सम्पर्क जारी राख्नु आवश्यक छ, अर्थमन्त्री स्तरमा संयुक्त आर्थिक आयोगको सातौं बैठक र विदेश सचिव स्तरमा द्विपक्षीय राजनीतिक परामर्श संयन्त्रको पाँचौं बैठक नेपालमा आयोजना हुने भएको छ।"

नेपाल र पाकिस्तान निकट छिमेकी भए पनि सोचेजस्तो द्विपक्षीय व्यापार हुन नसकिरहेको उल्लेख गर्दै मन्त्री भण्डारीले व्यापार र आर्थिक क्षेत्रमा सहकार्य बढाउन आवश्यक रहेको बताउनुभयो । नेपाल र पाकिस्तानबीचको व्यापार तथा आर्थिक अन्तरनिर्भरता बढाउनका लागि दुवै देशको व्यापार सहजीकरण गर्ने र 'लजिस्टिक' चुनौतीलाई सम्बोधन गर्नेतर्फ संयुक्त रुपमा थप प्रयास गर्नुपर्ने उहाँको भनाइ थियो।

"हामीले वर्तमान आर्थिक वास्तविकता प्रतिबिम्बित गर्न र व्यापार सहजीकरण बढाउन नयाँ सम्झौता बनाउने वा यसलाई पुनरावलोकन गर्ने समय आएको छ, दुई देशबीचको विद्यमान व्यापार घाटालाई सम्बोधन गर्न हामी नेपालका विभिन्न क्षेत्रमा पाकिस्तानी लगानीलाई प्रोत्साहित गर्न चाहन्छौं", उहाँले भन्नुभयो, "जसमा कपडा र पर्यटन आदि समावेश छन्।" उहाँले नेपाली वस्तुहरूले पाकिस्तानमा नियामक चुनौतीको सामना गरिरहेको उल्लेख गर्दै नेपाली वस्तुहरुलाई पाकिस्तानमा आयात प्रक्रिया सरल बनाउन र प्रमुख नेपाली निर्यातमा भन्सार शुल्क घटाउन विशेष अनुरोध गर्न चाहन्छु।"

लगानी, पर्यटन, संस्कृति र जनता-जनताबिचको सम्बन्धलगायत पारस्परिक लाभका लागि दुवै देशले मिलेर काम गर्नसक्ने धेरै क्षेत्र रहेका उहाँले उल्लेख गर्नुभयो । उहाँले कृषि र पर्यटन सम्बन्धी संयुक्त कार्य समूहहरूको नियमित बैठकहरू आयोजना गर्ने कुरालाई प्राथमिकता दिनु आवश्यक रहेकामा जोड दिनुभयो ।रासस

# बिदामा पनि उपचार सेवा दिँदै प्रादेशिक आयुर्वेद चिकित्सालय

काठमाण्डु । प्रादेशिक आयुर्वेद चिकित्सालय धनगढीले बिदाको दिनमा पनि चिकित्सालयमा आउने बिरामीलाई उपचार सेवा दिँदै आएको छ। चिकित्सालयले शनिबारलगायत अन्य कुनै पनि बिदाको दिनमा चिकित्सालयमा विभिन्न रोगको उपचारका लागि आउने बिरामीलाई उपचार दिँदै आइरहेको छ।

प्रादेशिक आयुर्वेद चिकित्सालयका मेडिकल सुपरिटेन्डेन्ट तथा बालरोग विशेषज्ञ डा रामकामेश्वर ठाकुरले चिकित्सालयमा उपचारका लागि आउने बिरामीलाई अटुट सेवा दिनुपर्ने आवश्यकता भएपछि शनिबारलगायत अन्य बिदाको दिन पनि सेवा दिने कार्य गरेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "कुनै बिरामीको लगातार उपचार गर्नुपर्ने हुन्छ, बिरामीलाई उपचारका क्रममा बीचमा कुनै दिन 'ग्याब' राखेर उपचार गर्ने गरेमा बिरामीको घाउ पाक्ने तथा समस्या देखिने भई बिरामीलाई असहज महसुस हुने तथा उपचार पद्धतिमा कठिनाइ हुने हुन्छ, जसका कारण बिदाको दिन पनि सेवा दिने गरिएको हो।" रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष:कार्यक्षेत्रमा लाभका अवसरहरू प्राप्त हुनेछन्।
वृष : एकाग्रताको साथमा मेहनत गर्नुभयो भने परिणाम अवश्य राम्रो आउनेछ।
मिथुन:तपाईंको कार्य समीतिमा सुधार हुनेछ।
कर्कट:कार्यक्षेत्रमा व्यवधान आउन सक्छ।
सिंह :प्रतिकूल समय अनुकूल बन्दै जानेछ।
कन्या:तपाईंको इच्छाको मान राखिनेछ।
तुला:शुभचिन्तकहरूको सहयोगले रोकिएको कार्य हुनेछ।
वृश्चिक: चुनौतीको सामना गर्दा चोटपटकको सम्भावना समेत रहेको छ। धर्मकर्ममा रुचि बढ्नेछ।
धनु:आफन्तहरुसँग बसेर भविष्यको लागि दीर्घकालीन योजनाहरू बन्नेछन्।
मकर:लामो समयदेखि रोकिएको काम सम्पादन हुनेछ र मान प्रतिष्ठामा वृद्धि हुनेछ।
कुम्भ:मनमा नैतिक र कर्तव्य भाव उत्पन्न हुनेछ।
मीन:आर्थिक दृष्टिकोणले समय सामान्य रहेको छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



जनकपुरधामस्थित रेल्वे स्टेशनबाट यात्रुहरुलाई लिएर जयनगरतर्फ जाँदै गरेको भङ्गहा-जनकपुर-जयनगर रेल । *तस्बिरः रासस*

# रेलमार्ग निर्माणको काम रोकियो



जलेश्वर । स्थानीयवासीको विरोधका कारण महोत्तरीको बर्दिबासमा रेलमार्ग निर्माणको काम रोकिएको छ। अधिग्रहण गरी लिनुपर्ने जग्गाको मुआब्जा समस्या समाधान नै नगरी रेल विभागले बोलपत्र प्रक्रिया थालेको आरोप लगाउँदै बर्दिबास नगरपालिका-१४ का जग्गाधनीले रेलमार्ग निर्माणको काम रोकेका छन् ।

जनकपुर-बर्दिबास रेल परियोजनाअन्तर्गत बर्दिबास नगरपालिकामा रहने रेल्वे स्टेशन क्षेत्र नजिकको जग्गामा वर्षौंदेखि बसोबास गर्दै आएका १४ घरपरिवारले सीमाङ्कन गरी विवाद समाधान गरेर मुआब्जा वितरण गर्न रेल विभागसँग माग गरेका थिए । तर, विभागले मनोमानी गरेका कारण आफूहरूले विरोध गर्दै कामकाज ठप्प पारेको स्थानीय मालती खनालले बताउनुभयो ।

विभागले लामो समयदेखि ती स्थानमा जग्गाको मुआब्जा विवाद नसुल्झाई हतारमा बोलपत्र प्रक्रिया थालेका कारण स्थानीयले रेल्वेको काममा विरोध गरेपछि कामले गति लिनसकेको छैन ।

रेल विभागले सीमाङ्कनबिना बोलपत्र आह्वान गरिदिँदा स्थानीयवासीको जग्गा जथाभावी अधिग्रहण गरिएका छन् । एउटै मापदण्डमा परेका जग्गाको मुआब्जा आफूखुसी फरक-फरक दरमा दिइएको छ । कतिलाई समयमै मुआब्जा दिइएको छभने कतिलाई वर्षौं धाउँदा पनि उपलब्ध नगराउँदा स्थानीय आन्दोलित भएको स्थानीय अगुवा नीरज अधिकारीले बताउनुभयो ।

उहाँले हतारमा बोलपत्र प्रक्रिया थाल्नुले विभागको नियतमा शङ्का उत्पन्न भइरहेको आरोप लगाउनुभयो । स्टेशन छेउको उक्त जग्गा २०२२ सालमा नापीले नापजाँच गरेको थियो । तर त्यतिबेला लालपुर्जा भने लिन छुटेको थियो । लालपुर्जा लिएको जग्गा २०७८ सालमा नै प्रतिकट्ठा रू ६१ लाखमा मुआब्जा वितरण भइसकेको छ। तर, लालपुर्जा लिन छुटेका १४ परिवारको मुआब्जा प्राविधिक कारणले रोकिएको स्थानीय खड्गबहादुर सिंहले बताउनुभयो ।

पूर्ववडाध्यक्ष भरतबहादुर हमालका अनुसार उक्त जग्गालाई मुआब्जा दिनुपर्छ भन्नेमा रेल विभाग प्रष्ट रहेको भए पनि लालपुर्जा नभएका कारण दिन नसकिएको हो। उक्त जग्गामा मुआब्जा दिनुपर्छ भनेर मन्त्रालयमा सिफारिस गरिसकिएको भन्दै सरकारले निर्णय नगरी मुआब्जा दिने अवस्था नभएको रेल विभागलाई उद्धृत गर्दै पूर्ववडाध्यक्ष हमाल बताउनुहुन्छ ।

यस सन्दर्भमा सहायक प्रमुख जिल्ला अधिकारी एवं जिल्ला प्रवक्ता उपेन्द्र न्यौपानेले सो क्षेत्रका स्थानीयले पनि चलनचल्तीभन्दा कम मुआब्जा दिने निर्णय भएको भन्दै लिन अस्वीकार गरेको बताउनुभयो । "आफूहरूले जायजेथा छाडेर हिँड्नुपर्ने अवस्था आएको भन्दै अर्को ठाउँमा बसोबास गर्नसक्ने पैसा सरकारले दिनुपर्ने रेल्वेपीडितको भनाइ छ । यसबारे पीडितसँग विभाग र ठेकेदारले पटकपटक वार्ता गरेका थिए । तर, स्थानीयले सीमाङ्कन गरी मुआब्जा नदिएसम्म काम गर्न नदिने अडान राखेपछि ठेकेदारले पनि यी क्षेत्रमा काम अघि बढाएका छैनन्", सहायक प्रजिअ न्यौपानेले भन्नुभयो ।

> यस सन्दर्भमा जनकपुर रेल्वेका सूचना अधिकारी कमल साहले ऐन, कानुन अनुसार लालपुर्जा नभएको जग्गाको हकमा मुआब्जा दिन नमिल्ने साथै मुआब्जा के र कुन आधारमा दिने भनी नखोलिएका कारण बर्दिबासका १४ घरपरिवारलाई मुआब्जा वितरणमा समस्या उत्पन्न भएको बताउनुभयो ।

यस सन्दर्भमा जनकपुर रेल्वेका सूचना अधिकारी कमल साहले ऐन, कानुनअनुसार लालपुर्जा नभएको जग्गाको हकमा मुआब्जा दिन नमिल्ने साथै मुआब्जा के र कुन आधारमा दिने भनी नखोलिएका कारण बर्दिबासका १४ घरपरिवारलाई मुआब्जा वितरणमा समस्या उत्पन्न भएको बताउनुभयो । उहाँले ती घरपरिवार विगत २० वर्षभन्दा पनि बढी समयदेखि त्यस स्थानमा बस्दै आएका भए पनि उनीहरूसँग जग्गाको लालपुर्जा नभएका कारण विभागले मुआब्जा दिन नसकेको बताउनुभयो । तर, उनीहरूकै कारण रेल्वेको कामकाज रोकिएपछि सरोकारवाला निकायसँग मिलेर उनीहरूको समस्याबारे मन्त्रालय हुँदै भूमि आयोगसम्म कुरा पुगिसकेको साथै, मन्त्रिपरिषद्ले समेत उनीहरूको समस्यालाई सम्बोधन गर्न निर्णय गरेर उनीहरूलाई मुआब्जा पाउन जग्गाको लिखित प्रमाण (लालपुर्जा वा अन्य जग्गाको स्वामित्व खुल्ने आधार) बनाइदिन आदेश दिइसकेकाले अब चाँडै समस्या समाधान हुने सूचना अधिकारी साहले बताउनुभयो । उहाँले चाँडै बर्दिबासका आन्दोलित जग्गाधनीले मुआब्जा पाउने विश्वास पनि व्यक्त गर्नुभयो ।

अहिले रेल्वेपीडितहरू सङ्घीय राजधानी काठमाडौंस्थित रेल विभाग, मन्त्रालय, भूमि आयोग र अन्य सरोकारवालालाई प्रत्यक्ष भेटघाट गरी आफ्ना समस्या समाधानका लागि थप पहल गरिरहेका छन् । अहिले रेलमार्गमा भइरहेको माटो पुर्ने, लिक बनाउने, पुल बनाउने, जग्गा अधिग्रहण, घरजग्गा खाली गराउनेलगायत सबै कामकाज ठप्प छ ।रासस

# एक चीन नीतिको सिद्धान्तलाई पालना गर्न बलियो प्रतिबद्धता

काठमाण्डु । सभामुख देवराज घिमिरले एक चीन नीतिको सिद्धान्तलाई दृढतापूर्वक पालना गर्नुका साथै यसप्रतिको नेपालको प्रतिबद्धता बलियो रहिआएको बताउनुभएको छ ।

नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वार्षिकोत्सव तथा चिनियाँ नयाँ वर्ष २०२५ का अवसरमा चिनियाँ दूतावासद्वारा बिहीबार यहाँ आयोजित कार्यक्रममा उहाँले चीन विगत लामो समयदेखि नेपालको एक भरपर्दो र महत्त्वपूर्ण विकास साझेदार मुलुकको रूपमा रहिआएको बताउनुभयो ।

"चिनियाँ सरकार र जनताका तर्फबाट नेपालको विकास प्रयासमा हुँदै आएको सहयोग र सहकार्यका लागि हामी आभारी छौं ।

नेपाल र चीनबीच सदियौं पुरानो एवं निकट, मित्रवत् र सहयोगात्मक सम्बन्ध रहिआएको छ", उहाँले भन्नुभयो, "हाम्रो सम्बन्ध गहिरो, सद्भावपूर्ण र बहुआयामिक छ, जुन आपसी विश्वासको बलियो जगमा निर्माण भएको छ। भौगोलिक र सांस्कृतिक समानताहरूका साथै जनस्तरको सम्बन्धले हाम्रो द्विपक्षीय सम्बन्धलाई थप मजबुत पार्दै लगेको छ।"

सभामुख घिमिरेले दुई देशबीच विद्यमान आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ तुल्याउन यस्ता कार्यक्रमले ठूलो योगदान गर्ने बताउनुभयो । चिनियाँ परम्पराअनुसार यो वर्ष सर्पको वर्ष भएको बताउँदै उहाँले यस नयाँ वर्षले चिनियाँ मित्रजनहरूमा थप खुसी, प्रगति र समृद्धि ल्याउने विश्वास



व्यक्त गर्नुभयो ।

सात दशकअघि सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता नेपाल-चीनबीचको मैत्रीपूर्ण सम्बन्ध निरन्तर विकसित र सुदृढ हुँदै आएको उल्लेख गर्दै सभामुख घिमिरेले पञ्चशीलद्वारा निर्देशित हाम्रो द्विपक्षीय सम्बन्ध असल छिमेकपन, आपसी साझेदारी र सम्मानका साथै अन्तर ष्ट्रिय मूल्य र मान्यतामा आधारित रहेको बताउनुभयो ।

"हामीबीचको यस्तो सुमधुर सम्बन्धलाई थप सुदृढ र घनिभूत तुल्याउँदै लैजान हामी सदा तत्पर रहँदै आएका छौं", उहाँले भन्नुभयो ।

नेपालले चीनसँगको सम्बन्धलाई उच्च महत्त्व दिँदै आएको बताउँदै उहाँले एकापसमा उच्चस्तरीय भ्रमण एवं कार्यक्रमहरूको नियमित आदानप्रदानमार्फत हामीले द्विपक्षीय सम्बन्धमा उल्लेख्य प्रगति र गतिशीलता हासिल गरेको उल्लेख गर्नुभयो ।

सन् २०१९ मा नेपालका तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीबाट भएको चीनको राजकीय भ्रमण र सोही वर्ष चिनियाँ राष्ट्रपति सी चिनफिङबाट भएको नेपालको राजकीय भ्रमणले दुई देशको सम्बन्धलाई नयाँ उचाइमा पुर्याउन महत्त्वपूर्ण योगदान गरेको उहाँको भनाइ थियो ।

"हालसालै डिसेम्बर २०२४ मा प्रधानमन्त्री केपी शर्मा ओलीबाट भएको चीनको औपचारिक भ्रमणले नेपाल-चीनबीचको मित्रवत् सम्बन्धलाई थप प्रगाढ र मजबुत बनाउन उल्लेख्य मद्दत मिलेको छ", सभामुख घिमिरले भन्नुभयो, "उक्त औपचारिक भ्रमणका क्रममा भएका महत्त्वपूर्ण निर्णय र सम्झौताहरूले हाम्रो द्विपक्षीय सम्बन्ध र सहकार्यलाई नयाँ गति प्रदान गर्न मार्गप्रशस्त गरेका छन् ।"

कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत चेन सोङले स्वागत गर्दै गत वर्ष विविध चुनौतीपूर्ण परिस्थितिहरूको सामना गर्दै चीनले उत्कृष्ट प्रगति गरेको बताउनुभयो। साथै उहाँले चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय नेतृत्वमा, विशेषगरी अध्यक्ष सी चिनफिङको मार्गदर्शनमा चीनले जटिल अन्तर्राष्ट्रिय अवस्थाको बीचमा आफ्नो आर्थिक विकासलाई सुनिश्चित गरेको जानकारी गराउनुभयो ।

राजदूत चेनले नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा चीन-नेपाल रणनीतिक सहकारी साझेदारीलाई अगाडि बढाउँदै बेल्ट एण्ड रोड निर्माणलाई संयुक्त रूपमा प्रवर्द्धन गर्न, सहयोग ढाँचा सम्झौतामा हस्ताक्षर गर्नुभएको उल्लेख गर्नुभयो। यसले विकास र समृद्धिको दिशामा नेपाल र चीनबीचको दीर्घकालीन मित्रताको रणनीतिक साझेदारीलाई नयाँ उचाइमा पुर्याएको उहाँको भनाइ थियो ।

"दुई देशका बीचमा, त्रि-आयामिक कनेक्टिभिटी नेटवर्क निर्माणले गति लिइरहेको छ, १४ परम्परागत सीमा व्यापार नाका पूर्ण रूपमा सञ्चालनमा आएका छन् र हप्तामा ४८ वटा सिधा हवाई उडान सञ्चालनमा रहेका छन्", उहाँले भन्नुभयो, "दुई देशका मित्रहरू एकअर्कालाई पर्यटनका लागि घुम्न आउने, नेपालमा लगानी गर्न र व्यापार गर्नका लागि धेरै चिनियाँ उद्यमीहरू आउने र बढीभन्दा बढी नेपाली सामान चीनमा निकासी हुने गरेको देख्दा हामी खुसी छौं ।"रासस

# प्रतिबन्धित औषधि बिक्री नियन्त्रण गर्नुपर्नेमा जोड



सिरहा । प्रतिबन्धित औषधि बिक्री भइरहेको भन्दै त्यस्ता औषधिको बिक्रीलाई नियन्त्रण गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । बिहीबार लहानमा नेपाल औषधि व्यवसायी सङ्घ मधेस प्रदेशको नवनिर्वाचित समितिको शपथ ग्रहण कार्यक्रमका वक्ताहरुले उक्त कुरामा जोड दिएका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल औषधि व्यवसायी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश खन्दवालले औषधि बिक्रीका बेथिति रोक्न नियमित अनुगमन गर्नुपर्ने बताउनुभयो । "औषधि विभागमा दर्ता नभएका, नवीकरण नभएका तथा चिकित्सकको पुर्जीमा मिश्रित 'फर्मास्युटिकल' बनावट भएका औषधि बिक्री भइरहेको गुनासो आएकाले त्यसलाई रोक्न आवश्यक भएको छ", उहाँले भन्नुभयो । अध्यक्ष खन्दवालले नयाँ औषधि ऐन बन्ने प्रक्रियामा रहेको पनि जानकारी दिनुभयो ।

त्यसैगरी, औषधि व्यवसायी सङ्घ मधेस प्रदेशका नवनिर्वाचित अध्यक्ष शिवनाथ सिंहले औषधि व्यवस्था विभागसँग समन्वय गरी आफूहररुले औषधि व्यवसायका समस्या समाधान गर्ने बताउनुभयो। महासचिव पप्पुकुमार झाले औषधि व्यवसायीलाई सुरक्षाको प्रत्याभूति दिलाउनुका साथै गाउँका जनतालाई सहज रुपमा औषधिको व्यवस्थापन गर्न सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

उद्योग वाणिज्य सङ्घका अध्यक्ष विकास सारडाले प्रतिबन्धित औषधिको सहज बिक्रीले यहाँका युवालाई प्रभावित पारेको धारणा व्यक्त गर्नुभयो।

लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले औषधि व्यवसायीको पेसा संवेदनशील छ भन्दै नगरभित्रका औषधि पसलको दर्ता, नवीकरण, अनुगमन तथा व्यवस्थापन गर्न नगरका तर्फबाट सरोकारवालासँग समन्वय र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

गत पुस १३ गते सम्पन्न अधिवेशनबाट शिवनाथ सिंहको अध्यक्षतामा नेपाल औषधि व्यवसायी सङ्घ मधेस प्रदेशको १८ सदस्यीय निर्वाचित कार्यसमितिलाई कानुनी सल्लाहकार राजदेव यादवले शपथ गराउनुभएको थियो ।रासस


# निर्यात प्रवर्द्धन सरकारको प्राथमिकतामा

काठमाण्डु।उद्योगीव्यवसायीले भन्सार जाँचपाससम्बन्धी प्रक्रिया थप सहज र झन्झटरहित बनाउन सरकारलाई सुझाव दिएका छन् ।

व्यवसायीले नेपालको भन्सार प्रशासनले कतिपय अवस्थामा राजस्व सङ्कलनलाई उच्च प्राथमिकता दिएको अनुभूति गरेको उल्लेख गर्दै अवैध व्यापार नियन्त्रण तथा भन्सार सहजीकरणबाटै सरकारले राजस्व सङ्कलन गर्न सक्ने बताएका हुन् ।

भन्सार दिवसको पूर्वसन्ध्यामा नेपाल उद्योग वाणिज्य महासङ्घमा बिहीबार आयोजित ७३औं अन्तर ष्ट्रिय भन्सार दिवस तथा भन्सार जाँचपास एवं व्यापार सहजीकरण अन्तरक्रिया कार्यक्रममा धारणा राख्दै उद्योगी व्यवसायीले तयारी वस्तु, कच्चा पदार्थ तथा मध्यवर्ती वस्तुलाई स्पष्ट गरी भन्सार दरहरूको पुनरावलोकन गर्न सकेको खण्डमा उत्पादन क्षेत्रमा वृद्धि भई अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान बढाउन सकिने बताए ।

अर्थसचिव डा रामप्रसाद घिमिरेले सरकारले निजी क्षेत्रको लगानीमा सहजीकरण गर्नेगरी नै नीतिगत सुधार गर्दै आइरहेको धारणा राख्नुभयो । उहाँले भन्सारको प्रमुख उद्देश्य राजस्व सङ्कलन नभई व्यापार सहजीकरण र निर्यात प्रवर्द्धन नै भएको बताउनुभयो । "देशको आर्थिक विकासमा निर्यातको ठूलो



भूमिका रहन्छ । हामी हाम्रा उद्योगी व्यसायीहरूलाई कसरी सहजीकरण गर्न सकिन्छ भनेर लागेका छौं । सरकारले नीतिगत सुधार पनि गर्दै आइरहेको छ । पछिल्ला नीतिगत सुधार त्यसैको लागि आएका हुन्", उहाँले भन्नुभयो ।

यस्तै उहाँले नेपालको वैदेशिक व्यापारको ठूलो हिस्सा भारतसँग रहेकाले भारतसँगको व्यापारमा पनि समस्या आउने गरेको उल्लेख गर्दै उहाँले निकट भविष्यमा हुन लागेको नेपाल-भारत 'कस्टम म्युचुअल एग्रिमेन्ट'ले ती समस्या समाधान हुने धारणा राख्नुभयो । अर्थसचिव डा घिमिरेले अहिले विश्व परम्परागत व्यापारबाट आधुनिकतातर्फ गइरहेको सन्दर्भमा नयाँ पुस्तालाई व्यापार व्यवसायमा प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभयो ।

> अध्यक्ष ढकालले भन्सार प्रशासनलाई अझ बढी निजी क्षेत्रमैत्री र सेवाग्राहीप्रति उत्तरदायी बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय प्रतिबद्धता (क्योटो कन्भेन्सन र टीएफए) अनुरुप नयाँ भन्सार विधेयक संसद्मा टेबल हुन लागेको विषय सराहनायोग्य रहेको बताउनुभयो ।

सो अवसरमा महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले भन्सारका सबै गतिविधिले उद्योग व्यापारमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले स्वस्थ्य व्यावसायिक वातावरण निर्माण गर्नेतर्फ निर्देशित हुन आवश्यक रहेको बताउनुभयो । "नेपालजस्तो आयातमा आधारित अर्थतन्त्र भएको मुलुकका लागि भन्सारले राजस्व मात्र सङ्कलन गरेको हुँदैन, यसले समग्र मुलुकको आपूर्ति शृ‌ङ्खलालाई व्यवस्थित गरी लगानी प्रवर्द्धनलाई पनि उत्तिकै सहयोग गरिरहेको विषयलाई बिर्सनु हुँदैन", भन्नुभयो ।

अध्यक्ष ढकालले भन्सार प्रशासनलाई अझ बढी निजी क्षेत्रमैत्री र सेवाग्राहीप्रति उत्तरदायी बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय प्रतिबद्धता (क्योटो कन्भेन्सन र टीएफए) अनुरुप नयाँ भन्सार विधेयक संसद्मा टेबल हुन लागेको विषय सराहनायोग्य रहेको बताउनुभयो । यस्तै उहाँले प्रविधिसँगै भौतिक पूर्वाधारहरूको पनि व्यापार सहजीकरणमा महत्त्वपूर्ण योगदान रहने भएकाले निर्माणाधीन आइसिपीहरूको छिटो निर्माण सम्पन्न गर्ने र अन्य ठूला र महत्त्वपूर्ण भन्सार कार्यालयमा थप पूर्वाधारको विस्तारमा समयमै ध्यान दिनुपर्ने बताउनुभयो ।

भन्सार विभागमा महानिर्देशक हरिशरण पुडासैनीले राष्ट्रिय नीति उद्योग व्यवसायको प्रवर्द्धन भएको उल्लेख गर्दै व्यवसायीहरूको मनोबल उच्च राख्नेगरी नै भन्सार प्रशासनले काम गरिरहेको बताउनुभयो। उहाँले भन्सार प्रशासन अन्तर्राष्ट्रिय भन्सार सङ्गठनले प्रतिपादन गरेका नीतिलाई कार्यान्वयन गर्ने, भन्सार सहजीकरण गर्ने तथा प्रविधिको उच्चतम प्रयोग गर्नेगरी नै अगाडि बढिरहेको बताउँदै आर्थिक अनुशासनको पक्षमा सबै इमान्दार हुनुपर्ने धारणा राख्नुभयो ।

नेपाल उद्योग वाणिज्य सङ्घ काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठले भन्सार क्षेत्रमा व्यवसायीले भोग्नुपरेका समस्या र सहजीकरणका विषयमा प्रस्तुतिकरण गर्नुभएको थियोभने व्यवसायीहरूले भन्सार सुधारका विषयमा सुझाव दिनुभएको थियो । अन्तर्राष्ट्रिय भन्सार सङ्गठनले २०२५ लाई 'दक्षता, सुरक्षा र समृद्धिका लागि आफ्नो प्रतिबद्धतामा भन्सार सञ्जाल उद्देश्यका साथ' भन्ने नार ।सहित अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउँदै छ ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। राजनीतिक खेल ।।

नेता आयो, हाँसोका साथ,
आशा दिने नामको नयाँ जात।
"हामी त ल्याउँछौं नयाँ युग,"
भन्छन् तर, मुहारमा पुराना रंग।
चुनाव आउँछ, हर्षको लहर,
सपना बेच्न आउँछन् सबै पहरा।
जनता भन्छन्, "यो अब हाम्रो समय,
हाम्रो अधिकार र हक चाहिन्छ यही ठाउँमा!"
तर, साँचो कुरा भनेको भनेको छैन,
केवल चुट्किला र दार्शनिक मनोवृत्ति छ।
नेता पानी पिउदै हाँस्दै गयो,
हामी भने दुखका कुरा मात्रै बाँच्दै गयो।
एकताका नारा, बाँच्नका वास्ता,
तर, पैसा र अधिकारसँगै लुटने हाँसा।
"समाजवादी हाम्रो ढाँचा,"
तर, वास्तवमा त्यहाँ केवल छलकपट र पाखण्ड।
सपना पुरा गर्ने हो भने त्यो हामीसँग छैन,
यस्तो राजनीति त अरुलाई थाहा छैन।
जनताले भने "अब बस्न सक्दैनौं,"
तर नेता भने "हामी अझै समय पर्खन्छौं।"
आन्दोलनका कुरा हावा भएर जान्छ,
सपना पुरा गर्ने कुरा पनि फुस्स भाँच्छ।
न्यायका कुरा त पर्खन्छ,
तर साँचो क्रान्ति सँगै उठ्दा सबै चुप हुन्छ।
आखिर, परिवर्तन त कहाँ हो?
यत्रो संघर्षको पछाडि सब हरायो।
तर जनता उठ्छ, र उठ्नै पर्ने छ,
त्यो दिन आउँछ, जब साँचो क्रान्ति नै हुन्छ



**कवि: राम पुकार महतो(बिद्रोही)**
**बर्दिबास महोतरी**

## ।। फाटल मच्छरदानी ।।

मच्छर स बहुत ए हानी,
डगर बाट गन्दा करैके बानी,
जहतर पहतर झुंड ए,
बहुत करइए हैरानी,
साँच लिखइत मच्छर,
साँच बोलईत मच्छर,
आफिस खोलइत मच्छर,
गन्दा धुबैत मच्छर,
मच्छरके अलग अलग ए प्रकार,
मातृभूमिक लगबैत रहैय बखार,
समय समय में मरइए चोंच से भला,
यि सबके खून चुसैके ए अनेकन कला,
नियम कानून सब भुसवा,
मच्छर बहुत ए खून चुसवा,
गरीब लाचार भरर्चुर खटईए,
एक के काईट दूसरों क कटईए,
डेंगू रोग देह - देह मे बंटईए,
मधेशमे,
मच्छरसब कर्ण प्रिय गीत सुनाबैए,
लेकिन तरे -तरे मच्छर बहुत कटईए,
चुसल खुन अपनमे बंटईए,
विभेद रहितो एक दूसर से सटईए,
जागु -जागु
कनी हाथसे मारू,
कनी चाट स मारु,
कनी झाडूसे मारूं,
लाचारी,भ्रष्टाचारी के मारू,
गरीबी ,अशिक्षा के मारू,
किएक त
मच्छर स बहुत ए हानी,
डगर बाट गन्दा करैके बानी,
जहतर पहतर झुंड ए,
बहुत करइए हैरानी।



**लेखक उपेन्द्र ठाकुर**

## ।। मेरो माया ।।

मेरो माया तिमीलाई,
आकाश जस्तै अनन्त छ,
न त दूरीले छुन सक्छ,
न त समयले हराउन सक्छ।
तिमी मुस्काउँदा,
मेरो संसार उज्यालिन्छ,
तिम्रो आवाजले,
मेरो मन सधैं रमाउँछ।
मेरो माया फूलको सुवास जस्तै,
जसले तिमीलाई सधैं घेरी रहन्छ,
बर्षा पछिको इन्द्रेणी जस्तै,
तिम्रो जीवनमा रंग भर्दै जान्छ।
मेरो माया सागरको गहिराइ जस्तै,
जहाँ तिम्रो नाम अमर छ,
यो धडकनमा तिमी बस्छौ,
मेरो मुटुमा तिमी नै घर छ।
तिमी बिना यो संसार अधुरो छ,
तिमी नै मेरो हर खुशीको स्रोत हौ,
मेरो माया कहिल्यै मत्थर हुँदैन,
यो तिम्रै साथमा सधैं अमर छ।



**लेखक दिलीप कुमार दास**
**ठेगाना धनुषाधाम ४ लक्ष्मीपुर**

## ।। बिरहा प्रेम के ।।

ई दर्द के दबाइ बनालु कि
अहा कहु त कनि मुस्कुरालु कि
सपना लाखो सजाक
प्रीतम स प्रेम चोरालु कि ।
दुःख के समुद्र मे डुइब रहल छि
एगो प्रेमक नाव बनालु कि
अकेलापन स मैर रहल छि
एगो प्रेमक गाम बसालु कि ।
कटै ह जीवन जेना राईत के अनहरीया मे
बुझाएल दिया के अपना खुन स जरालु कि
सास जेना दम-घुटै ह
दिल मे एगो खिरकी बनालु कि ।
हवा मे उरल प्यार हमर
वर्षा मे नंया घर बनालु कि
चान्द स रुसल चान्दनी जेना
सितारा बैन क अहा के मांग सजादु कि ।
रग)रग मे ब्रैह रहल मोह अहा स
दिल प तलबार चलालु कि
किस्मत अपन अजमैती फेरु
अहा कहु त एक बेर फेरु प्रीत लगालु कि
यै दर्द के दबाइ बनालु कि ।



**लेखक : शिवे कर्ण**
**ठेगाना : हंसपुर न .पा ९ टोल मोरहा-रुदौली**

## ।। जाडोमा न्यानो बनौऊ ।।

जाडोले भरिएको यो सहर,
कुहिरोको सिरानी, चिसोको पहर।
हावा चल्दा थरथर काँप्ने यो मन,
तातो स्पर्शले दिन्छ जीवनको धन।
चुलोको आगो, दियोको प्रकाश,
ओठमा मुस्कान, मनको विश्वास।
मकै पोल्दै, कथा कोर्दै,
न्यानो दिन्छ हातले हात जोड्दै।
ओढौं न्यानो माया, भरोसाको डोरो,
चिसोले छेके पनि मनमा छ ज्योति।
घामले लुक्छ, तर रहन्छ ऊ सधैं,
तातो खोजौं, जहाँ छ जिन्दगीको गहिराई।
कतै आगो बल्छ, कतै आशा पल्छ,
जाडोले मात्र होइन, मनले तातो चल्छ।
संगै बसेर गीत गाउँ, हाँसो साटौं,
जिन्दगीका पाइलामा उज्यालो छरौं।
जाडोले सिकाउँछ सहनशक्ति हाम्रो,
चिसोले देखाउँछ सम्बन्धको तातो।
मनको जाडो पगाल्न सिपालु बन,
तातो बनाऊ, जीवन रमाइलो बन।



**कविता लेखकः- नबिन श्रेष्ठ**
**हाल अध्ययन शिक्षणः- बि.एड स्नातक चौथो बर्ष**
**ठेगानाः- सीतापुर खोरिया, भुचक्रपुर - बटेश्वर-१**

## ।। धर्मशाला ।।

यो धर्ती एक धर्मशाला
जन्मभूमि कहिँ छ
भूमि कर्मभूमि अर्कै नगरीमा हुन जान्छ
हाम्रा घर घर होइन आज तिम्रो लागि
भोलि अर्कैको सुख दुःख काट्न लागी
पाप कर्म गरे पनि धर्मशाला नै योग्य
पुण्य कर्म गरे पनि धर्मशाला नै पवित्र
मठमन्दिर मस्जिद गुरुद्वारा चर्च सबै धर्म संस्था शिक्षाकी देवी
सरस्वती भए तापनि
शिक्षक शिक्षिका नै सबैका धर्म गुरु
नैतिकवान बनाउँछन् गुरुहरूले सबै जनलाई
धर्म एक धन्धा शिक्षा एक पवित्र बाणी
घर घरमा छ नामको झमेला
तपाईं को कि म को घर एक धर्मशाला सबैको
शिक्षा दिक्षा लिउ समुन्नति मा जाउँ
धर्तिको कुना कुनामा छ हाम्रो जागिर
सरकारी नभए प्राइभेटमा धेरैले नै गर्दैछ पहरेदारी
विभिन्न देशमा छरिएको छ नेपाली आमाका सपुत
जोडिएका छन् मिलिजुली विभिन्न देशवासीसँग
व्यापार र मजदुरी आ-आफ्ना छनौट
यो धर्ती एक धर्मशाला
ईश्वरको सन्तान हामी आमाबुवाको आशीष सबै
यो कर्मभूमिको आँगनमा कर्मको उदाहरण
उदाहरण प्रस्तुत गरेर देखाउ
आफ्नो जीवनलाई कर्मप्रधान मैत्री पूर्ण बनाऊ



**प्रमोद राम**
**जनकपुर धाम ९**

## ।। तराईको चिसो ।।

तराईको माटो, हरियालीको थाल,
तर पनि हिउँदमा चिसोले समाउँछ काल।
ओढ्ने कम्मल, बस्ने घर छैन धेरैको,
सांस रोकिन्छ रातभरि, थरथराउँछन् बेसहारा कोही।
कुहिरोले ढाक्छ, दिन पनि रातजस्तै,
तातो घाम खोज्दै न्यानोको आसै।
आगोको छेउमा जम्मा हुन्छन् थाकेका पाखुरा,
तर पनि छैन त्यहाँ सबैका लागि सहारा।
तराईको चिसोमा लरबराउँछ जिन्दगी,
न्यानो सपना सजाउन गाह्रो छ यहाँ बाँच्न।
के छ उपाय, के छ समाधान?
सबैलाई पुग्ने एउटा मानवताको योगदान।
हेर, त्यो बच्चा, चिसोले निथ्रुक्क भिजेको,
आफ्नै सुकिला लुगामा पनि आँसुले लथालिंग भएको।
हामीले के गर्न सक्छौं यिनीहरूको लागि?
सिर्जना गरौं न्यानो मुटु र माया बाँड्ने साथी।
तराईको चिसोमा दिन जिउन सजिलो होस्,
हरेक परिवारले न्यानो रात बिताउन पाओस्।
आउनुहोस्, अघि बढौं एकजुट भएर,
तराईका ती थरथराउँदो हातहरूलाई समाएर।
समाजको कोखमा उर्जा फेर्ने आशा छ,
हरेक आँखामा खुशीको प्रकाश छ।
न्यानो दिन, उज्यालो रात,
तराईले पनि पाओस् न्यानोको बात।



**लेखक : नवल प्रसाद यादव**
**ठेगाना : सखुवा प्रसौनी गाउँपालीका , पर्सा**

## ।। किसान ।।

बंजर खेत के जोइत कोइरक
धान गहुँम मरुवा मकै उब्जबै छै
भुखल प्यासल सबके ई किसान
भैया पेट भरै छै
अपने भुखल प्यासल
सभक पेट भरै छै
भोर सँ लक साँझ तक
खेत बारि मे काम करै
तेकरे नाम किसान छै
राजा होइ आ प्रजा
सबके पेट भरै छै
जार होइ आ गर्मी खेते मे
काम करै छै
बंजर खेत के जोइत कोइरक
धान गहुँम मरुवा मकै उबजबै छै
भुखल प्यासल सबके ई किसान
भैया पेट भरै छै



**धनेश्वर ठाकुर**
**धनुषाधाम ४ लक्ष्मीपुर,**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। घर को जेठो छोरा म ।।

जेठो छोरा म, यो घरको माटो,
बाजेको सपना, बाबुको साथ हो।
आमाको आँसु पुछ्ने हात म,
घरलाई सम्हाल्ने बलियो घाट म।
दुःख र पीडा मलाई नै पर्छ,
तर मुहारमा मुस्कान कहिल्यै झर्छ।
भाइबहिनीको म साथी, मार्गदर्शक,
जीवनको हरेक मोडमा सहायक।
खेतका माटोमा पसिना बगाएँ,
पढाइ र श्रमले समय लगाएँ।
आफ्ना चाहना थाती राखेर,
घरलाई अघि बढाएँ, सबैसँग सँगै भएर।
जेठो छोरा म, गर्वले भन्छु,
घरको खम्बा, यो जीवन बन्छु।
दुनियाँ जति कठोर भए पनि,
आफ्नो घर उज्यालो बनाउने प्रण छ नि।



**लेखक :बब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## ।। प्रभु को कृपा ।।

प्रभुको कृपा असीम छ,
धेरै गहिरो, शान्ति दिन्छ।
दुःखमा पनि साथ दिई,
जीवनलाई उज्यालो बनाउँछ।
अन्धकारमा उज्यालोको किरण,
हराएका बाटोलाई देखाउँछ।
प्रभुको माया, साँचो ज्योति,
सबै हृदयलाई अँगाल्छ।
हरपल उहाँको रक्षा छ,
प्रेमले भरिएको बन्धन छ।
भूल-सुधारमा पनि उहाँको सन्देश,
जीवनलाई अर्थपूर्ण बनाउँछ।
हे प्रभु, तिमी बिना म शून्य छु,
तिम्रो कृपा नै मेरो शक्ति हो।
तिम्रो माया, तिम्रो अनुग्रह,
मेरो आत्मा सधैं तिम्रो चरणमा छ।



**लेखक :रश्मी दनुवार**
**मोरङ, नेपाल**

## ।। दलितक पीडा ।।

बहैय हमरा आँखिसँ नोर ‼
कहिया हएतै स्नेहक भोर ‼
मनक पीडा कहलो नँइ जाइय, मुदा कि कहु ‼
नँइ चलैए हमर छुअल पानी, मुदा चलैए लहु ‼
हमरा सबके अछोप कहैय , एहि पापी संसारमे ‼
हमरा सबके पाछु कएनेय, अनेक हक अधिकारमे ‼
शोषक वर्ग घुसक महल बनाक, चढैए कारमे ‼
हम डुबिरहल छी अन्याय, अत्याचारक धारमे ‼
बुझैय हमरासभके बेङ इनारके ‼
कहिया बरसतै मेघ अधिकारके ‼
हमरा सबहकऽ बुझैए घुरकऽ निङ्गहेस ‼
जाग हो कतऽ सुतल छह सुरमा सलहेस ‼
बहैय हमरा आँखिसँ नोर ‼
कहिया हएतै स्नेहक भोर ‼



**लेखक : फूलगेन महरा** (Fulgen Raj Maithil)
**ठेगाना : सिरहा नगरपालिका वार्ड नं. ७ (राज महिसोथा)**
**(सु.स.मो.या.बहुमुखी क्याम्पस सिरहा)**

## ।। वसन्त पञ्चमी ।।

पर्व मात्रै होइन यो एउटा
हर्ष र उमंगको चाड हो ‼
विधार्थिहरुको रहर पनि हो
मात्र रमाइलो गर्ने पल होइन यो ‼
माता सरस्वतीको आराधना को दिन पनि हो ॥
आउनुहोस् आज खुलेर नाचौं
झुमौं रमाउ अनेकन यादहरुको साक्षि बनौं ॥
आरती गरौं भगवानको
मनन गरौं यो सुन्दर पलको ॥
सम्हालेर आफ्ना सुखदुःख
हर्षोल्लाषले मनाउ यो विद्यार्थीहरुको पर्व ॥
वसन्त पञ्चमीको असीम शुभकामना ॥



**नाम : नितेश सिंह**
**ठेगाना : रामगोपालपुर - ६ महोत्तरी**

## ।। गजल ।।

देशका जनशक्ति युवा दुवई कतार छिर्दै छन।
देशभक्ति नभएका युवाहरु सरकारमा छिर्दै छन।
जागिर नपाएर युवाहरु खाडी मुलुक छिर्दै छन।
उखान टुक्का बोल्ने काकाहरु बालुवाटारमा छिर्दै छन
३०औ वर्षदेखि नया कल कारखाना नखुले पछि
यो देशको युवाहरु लागुपदार्थमा तिर छिर्दै छन।
देशमा केहि गरेर देखाउने युवाहरु मौका पाइएन्
झुटा आश्वासन बाड्ने नेता सरकारमा छिर्दै छन
शिक्षा,स्वास्थ्य सेवा मा पनि ब्यापार भइ रहँदा
महंगाई को कारन कर्मचारीहरु भ्रष्टाचारमा छिर्दै छन
साहुको ऋण र ब्याज तिर्दा तिर्दै जवानी बेचियो..
न्याय पाईदैन यो देशमा , यो जिउ आर्यघाट छिर्दै छन



**बलराम गुप्ता**
**जनकपुरधाम ११**

# प्रजातन्त्र सेनानी सिंहको निधनप्रति सभापति देउवाद्वारा दुःख व्यक्त



काठमाण्डु।नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीका ज्येष्ठ राजनीतिज्ञ सभाका पूर्वसदस्य एवं प्रजातन्त्र सेनानी भगवती सिंहको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ।

सभापति देउवाका तर्फबाट पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले शुक्रबार शोक विज्ञप्ति जारी गरी रुपन्देहीका सिंहको निधनप्रति दुःख व्यक्त गर्नुभएको हो । सभापति देउवाले स्व सिंहप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चिरशान्तिको कामना साथ शोकसन्तप्त परिवारजनप्रति पार्टी र आफ्नातर्फबाट गहिरो समवेदना प्रकट गर्नुभएको छ।

रूपन्देही जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ रोहिणी गाउँपालिका-७ निवासी सिंह विसं १९९० मा जन्मनुभएको हो। स्व सिंह विसं २०३९, २०४४, २०४९ र २०५४ को स्थानीय तहको निर्वाचनमा साबिक पजरकट्टी गाविसको अध्यक्षमा निर्वाचित हुनुभएको थियो।

विसं २०५४ देखि २०५६ सम्म उहाँ रूपन्देही निर्वाचन क्षेत्र नं १ को क्षेत्रीय सभापति हुनुहुन्थ्यो। नेपाली कांग्रेसको सङ्गठन निर्माण र नेपालमा प्रजातन्त्र स्थापना र पुनः स्थापनाका आन्दोलन तथा सङ्घर्षमा उहाँले सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो। उहाँको निधनबाट नेपाली कांग्रेसले एक अग्रज र अनुभवी व्यक्तित्वलाई गुमाएको कांग्रेसले जनाएको छ।रासस

# पूर्वप्रधानमन्त्री खनालद्वारा दुःख व्यक्त

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले पार्टीका पूर्वस्थायी कमिटी सदस्य रामजीप्रसाद शर्माको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ।

उहाँले एक विज्ञप्ति जारी गरेर पार्टीका तत्कालीन स्थायी कमिटी सदस्य, गण्डकी प्रदेश कमिटीका अध्यक्ष तथा बागलुङ जिल्लाका वामपन्थी आन्दोलनका संस्थापक नेता कमरेड रामजीप्रसाद शर्माको भारतको नयाँ दिल्लीमा उपचारका क्रममा अचानक दुःखद् निधन भएको खबरले आफूलाई मर्माहत बनाएको उल्लेख गर्नुभयो।


"रामजीशर्मा नेपाली कम्युनिष्ट आन्दोलनको एउटा अथक र सृर्जनशील नेता हो। उहाँले आफू वर्ग सचेत भएको बेलादेखि नै देश, जनता, राष्ट्र, क्रान्ति, जनवाद र समाजवादका निम्ति निरन्तर काम गर्दै आउनुभएको थियो। उहाँले कम्युनिष्ट आन्दोलन, जनवादी आन्दोलन, देशभक्तिपूर्ण आन्दोलन र समाजवादी आन्दोलनलाई नेपालमा अघि बढाउन कठिन र कठोर प्रयत्न गर्दै आउनुभएको थियो। उहाँले नेपाल कम्युनिष्ट पार्टी (माले), (एमाले), नेकपा र (एकीकृत समाजवादी) पार्टी निर्माणमा निरन्तर योगदान गर्दै आउनुभएको थियो", विज्ञप्तिमा भनिएको छ।

शोकको घडीमा दिवङ्गत शर्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँले सम्पूर्ण शोकाकूल परिवारजन तथा आफन्तमा समवेदना प्रकट गर्नुभएको छ।रासस

## सुशासनका लागि सरकार तल्लीनः

# प्रधानमन्त्री ओली (सम्बोधनको पूर्ण पाठसहित)

यसअघि त्रिभुवन राथपथअन्तर्गतको थानकोट-नागढुङ्गा सुरुङमार्ग "ब्रेक थ्रु" भएको र नेपाल सुरुङयुगमा प्रवेश गरिसकेकाले त्रासको वातावरणमा यात्रा गरिहनुपर्ने अवस्था अन्त्य भई सहज र छोटो मार्गबाट यात्रा गर्नसक्ने स्थितिमा मुलुक पुगेको प्रधानमन्त्री ओलीले बताउनुभयो ।



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीको 'भर्चुअल' माध्यमको उपस्थितिमा सिद्धबाबा सुरुङमार्गको मुख्य सुरुङको शुक्रबार 'ब्रेक थ्रू' भएको छ।

'ब्रेक थ्रू' भएसँगै राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकको माथिल्लो सिद्धबाबा मन्दिरदेखि एक हजार एक सय २६ मिटर सुरुङमार्ग छिचोलिने काम सम्पन्न भएको छ।

प्रधानमन्त्री ओलीको विशेष उपस्थितिमा आज सो सुरुङमार्गको 'ब्रेक थ्रू' गर्ने कार्यक्रम भएकामा स्वास्थ्य प्रतिकूलताका कारण प्रधानमन्त्री निवास, बालुवाटारबाट भर्चुअल माध्यममार्फत उहाँ सो कार्यक्रममा सरिक हुनुभएको हो।

प्रधानमन्त्री ओलीले भर्चुअल माध्यमबाट सुरुङमार्गको 'ब्रेक थ्रू' गर्दै पहिरोले गाडी दुर्घटना हुने र जनधनको क्षति हुने पीडाबाट यात्रीहरुलाई राहत दिन सो सुरुङमार्ग एक सफल आयोजना सावित हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले सो सुरुङमार्गबाट लाभ लिइ राजमार्गको सहज आवागमन, सामाजिक एवं आर्थिक सम्बन्ध विस्तार र उत्पादन आदानप्रदान गर्न शुभकामना दिनुभयो।

यसअघि त्रिभुवन राथपथअन्तर्गतको थानकोट-नागढुङ्गा सुरुङमार्ग 'ब्रेक थ्रू' भएको र नेपाल सुरुङ्युगमा प्रवेश गरिसकेकाले त्रासको वातावरणमा यात्रा गरिहनुपर्ने अवस्था अन्त्य भई सहज र छोटो मार्गबाट यात्रा गर्नसक्ने स्थितिमा मुलुक पुगेको प्रधानमन्त्री ओलीले बताउनुभयो।

"सुरुङमार्ग ब्रेक थ्रू हुनु सिङ्गै देशका लागि खुसीको कुरा हो। अब नेपाल हिजो झैं दुर्गम भन्ने रहेन । "मुलुकमा शीघ्र विकास र सुशासन दिन अहिलेको समयमा हामी अरूको पनि सहयोग लिन्छौं र हामी बनाउँछौं देश। फाइदा हुने कामकुराहरुमा सरकारको ध्यान जानेछ। हाम्रा प्रयासहरु सदैव यसैतर्फ केन्द्रित छन्।"

कार्यक्रम स्थलमा उपप्रधानमन्त्रीद्वय प्रकाशमान सिंह र विष्णुप्रसाद पौडेल, भौतिक यातायात तथा पूर्वाधारमन्त्री देवेन्द्र दाहाल, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, नेपालका लागि चीनका राजदूत चेन सोङलगायत सहभागी हुनुहुन्थ्यो।

**सम्बोधनको पूर्णपाठ**:

सिद्धबाबा सुरुङको 'ब्रेक थ्रू' कार्यक्रमका सभापति महोदय, उपप्रधानमन्त्रीज्यूहरु, मूख्यमन्त्रीज्यू, नेपालका लागि चिनियाँ राजदूत, नेपालका लागि स्वीट्जरल्याण्डका कार्यवाहक राजदूत र यहाँ उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरु!


आज खुसीको दिन हो । हामीले सिद्धबाबा सुरुङको ब्रेक थ्रू गर्न सफल भएका छौं। केही वर्ष अगाडि म बुटवल भ्रमणमा आउँदा त्यहाँ प्रिया भण्डारी र केही कलाकारहरुले गीत गाउनुभएको थियो- 'कहिले बन्छ नेता ज्यू सिद्धबाबा खण्ड ?' भनेर। साह्रै पीडाको, चासोको र जिज्ञासाको विषय थियो यो बाटो । यो बाटो नबन्दा हरेकौं वर्ष बस दुर्घटना हुने, पहिरोमा पर्ने, पहिरोले गाडी बगाउने, गाडी नै फेला नपर्ने, फेला परे पनि अस्थिपञ्जर गाडीको वा मान्छेको फेला पर्ने दुःखदायी अवस्था थियो। त्यसबाट उत्तरी भेग र दक्षिणी भेगका लागि यात्रा गर्ने जनता वास्तवमा अत्यन्तै पीडित थिए र त्यो पीडाबाट जोगिन चाहन्थे । त्यो गीत त्यसैकारण उब्जिएको थियो-'कहिले बन्छ नेता ज्यू सिद्धबाबा खण्ड' भन्ने गीत । त्यो जनताको आवाज गीतका रुपमा घन्किएको थियो। जनताले आफ्नै भाषामा पनि त्यो गीत गाउँथे अथवा आफ्नै भाषामा त्यो भन्थे।

आज ती प्रश्नले जवाफ पाएको छ, अब बन्यो सिद्धबाबा खण्ड । अब सुरुङका रुपमा बन्यो। अब पहिरो नजाने र नभत्किने गरी बन्यो । बीचमा कुनै गम्भीर क्षति र नोक्सानी नभइकन बन्यो। सफलतापूर्वक बन्यो। म त्यहाँ निरीक्षणमा जाँदा कि यस्तो ठाउँमा पनि सुरुङ हुन्छ र भनेर मान्छेहरु भन्दै थिए । तर हुन्छ, हुँदोरहेछ। सिद्धबाबा खण्डको बाटोलाई सुरुङ मार्गबाट सहज तरिकाले निकास दिने काम भएको छ । यस अवसरमा म तपाईंहरुलाई बधाई भन्न चाहन्छु र सबैलाई शुभकामना भन्न चाहन्छु। बधाई यसकारण कि तपाईंहरु त्यस पीडाबाट तपाईंहरु मुक्त हुनुभएको छ, शुभकामना यसकारण कि यसको लाभ लिनुस् र यस लाभबाट तपाईंहरुको सहज आवागमन, सामाजिक सम्बन्ध, आर्थिक सम्बन्ध, बन्दव्यापारदेखि लिएर अरु आर्थिक क्रियाकलापदेखि लिएर चाडबाडदेखि लिएर सबै कुराहरुको आदानप्रदान गर्न सक्नुहुन्छ । आफ्नो ठाउँको उत्पादन अर्को ठाउँमा पु¬याउने, अर्को ठाउँको उत्पादन आफ्नो ठाउँमा ल्याउने कामहरु गर्न सक्नुहुन्छ। अब तपाईंहरु एउटा ठूलो सुविधाको क्षणमा प्रवेश गर्दै हुनुहुन्छ । यद्यपि सबै बाटो बनिसकेको छैन तर अब टनेल नै ब्रेक थ्रू भइसकेपछि, टनेल मार्ग नै तयार भएपछि बाटो कुनै कुराको कमी रहने छैन । अब पाल्पा, पोखरा, गुल्मी, अर्घाखाँचीको उत्तरी भेग हुँदै प्यूठान जानका लागि सबै कुराको अनुकूलता त्यहाँबाट भएको छ । त्यसै गरेर कालीगण्डकी करिडोरसँग यो बाटो पर गएर जोडिन्छ। जसबाट सडकको एउटा सञ्जालका रुपमा यसले काम गरेको छ। यसका निम्ति यसमा सहयोगकर्ताहरुलाई, दाताहरुलाई पनि धेरैधेरै धन्यवाद भन्न चाहन्छु । छोटो समयमै यस कार्यलाई सम्पन्न गर्नुभएकामा ठेकेदार कम्पनीलाई पनि धन्यवाद भन्न चाहन्छु। यसको मुख्य चुनौतीको पाटो सुरुङमार्ग थियो, त्यो छिचोलिएको छ।

मैले धेरै अगाडि, जतिबेला नागढुङ्गा-नौबिसे सुरुङखण्डको शिलान्यास गर्दै थिएँ, त्यसबेला मैले भनेको अब नेपालमा टनेल युगको प्रारम्भ भयो अथवा हामी नेपालीहरु अब टनेल युगमा प्रवेश गरेका छौं । अब विस्तारैविस्तारै दुर्गम कच्ची पहाडहरु चढ्दै, पहिरो जाने पहाडहरु चढ्दै गाडीहरु घुमाएर मनमा दुर्घटनाको त्रास बोकेर यात्रा गरिरहनुपर्ने छैन । धेरै हामी त्यस्ता बाटाहरुलाई छोटा बाटाका रुपमा सुरुङ मार्गबाट वल्लोबेँसीबाट पल्लोबेँसी र अझ पल्लोबेँसी निकाल्दै सहज ढङ्गले छोटो बाटोबाट टाढाको दुर्गम सहज नहुने गन्तव्यहरु छोटो मार्गबाट पुग्न सक्छौं र त्यो हामी प्राप्त गर्न सक्छौं। पहाडका लागि त्यसबाट सम्पर्क बाटाहरु निर्माण गरेर हामी ती कामहरु गर्न सक्छौं। हामी त्यहाँ लिङ्क रोडहरु बनाउँछौं, रिभर करिडोरहरु बनाउँछौं । नेपालका सबै जिल्लामा अहिले गाडी पुगिसकेको छ। त्यस्तो अवस्थामा नेपाल दुर्गम भन्ने हिजो झैं रहेन तर यसलाई अझ सुगम बनाउँदै लानेछौं । विभिन्न खालका सञ्जालका बाटाहरु, सुरुङमार्गहरु, झोलुङ्गे पुलहरु, पुलहरु, हवाई यातायात, हवाईमार्गहरु, मैदानलगायतका अनेक केबलकारहरुजस्ता कुराहरुबाट हामी अनेक ठाउँहरुलाई सुगम र रमाइला ठाउँहरु र विकसित ठाउँका रुपमा परिणत गर्नेछौं । त्यसकारण अब नेपाल विस्तारै दुर्गमबाट सुगम रुपमा, पिछडिएका देशबाट अगाडि बढेको देशका रुपमा, अल्पविकसित देशबाट विकासिल देशका रुपमा र शिक्षा, स्वास्थ्यमा वञ्चित वा पछाडि परेको स्थितिबाट सामान्य अवस्थातर्फ छिटै अग्रसर हुदैछ भन्ने यी कुराहरुले देखाएका छन्।

म दाजुभाइ दिदीबहिनीहरुलाई आग्रह गर्न चाहन्छु, यो खुसी तपाईं हामीको खुसीको हो। यो सिङ्गै देशको खुसी हो। यो पाल्पा र रुपन्देहीजस्ता जिल्लाहरुको ठूलो खुसी हो। त्यति मात्रै होइन, पाल्पा, स्याङ्जा, कास्की र अरु जिल्ला यो यस बाटोबाट सजिलैसँग बुटवल अथवा बुटवलबाट पूर्व-पश्चिम जानुपर्दछ, त्यो सजिलो हुन्छ। त्यसकारण यो सुरुङमार्गको विशेष महत्व छ र यो एउटा ऐतिहासिक घटना हो । यो इतिहासमा पहिलो पल्ट घटित भएको र पहिलो पल्ट प्राप्त भएको सफलताको कुरा हो। त्यसकारण म सबैमा खुसी व्यक्त गर्न चाहन्छु सबैलाई धेरैधेरै धन्यवाद भन्न चाहन्छु । जसले यसमा काम गर्नुभएको छ, कामदारहरुलाई, मजदुरहरुलाई, इञ्जिनियरहरु सबैलाई पनि धन्यवाद भन्न चाहन्छु । स्थानीय जनता, जसले यस सुरुङमार्गको निर्माणका लागि सरकारलाई झकझक्याउने काम, हामी सबैलाई झकझक्याउने काम र छिटो गर्नका लागि प्रेरित र प्रोत्साहित गर्नुभएको छ, म उहाँहरुलाई पनि धन्यवाद भन्न चाहन्छु। यो हामी सबैको सफलता हो । यस्तै सफलता जोड्दै गएर नेपाल एउटा सफलताको देश हुनेछ । यस्तै उपलब्धिहरुलाई जोड्दै गएर उपलब्धिको देश हुनेछ । यस्तै पछौटेपनहरुलाई चिर्दै जाने घटनाहरुबाट, उपलब्धिहरुबाट जोडिँदै गएर पछौटेपन समाप्त पारिएको देश हुनेछ । हामी आशावादी बन्न सक्नुपर्दछ। अहिलेको सरकार विकासका लागि बनेको छ । यो सरकार स्थायित्व र स्थिरताका लागि बनेको छ । यो सरकारले विकासका कामलाई तीव्रताका साथ अगाडि बढाउँछ। अहिले अघिल्लो पटक सुरु भएका कामहरु अगाडि बढेका छन् । अहिले नेपाली कांग्रेस र नेकपा एमालेको संयुक्त सरकारले अत्यन्तै ध्यान दिएर देशको शीघ्र विकास कसरी गर्न सकिन्छ, देशमा सुशासन कसरी ल्याउन सकिन्छ भन्ने कुरामा विशेष रुपमा यसले ध्यान दिइरहेको छ। यी कुराहरुमा तल्लीन भएर जनतालाई सेवा सुविधा कसरी पु¬याउन सकिन्छ भन्ने कुरामा ध्यान दिएर नै अहिलेको सरकार अगाडि बढेको छ। तसर्थ, म सबैलाई आशावादी हुन, हामी बनाउँछौं हाम्रो देश, अरुले बनाउने होइन, हामीले आफैं बनाउँछौं, हामी अरुको पनि सहयोग लिन सक्छौं, अरुको लगानी आमन्त्रण गर्न सक्छौं, अरुको अनुकूलता, हाम्रो अनुकूलता र आवश्यकता, प्राथमिकतामा अरुका लोनहरु पनि आवश्यकताअनुसार स्वीकार गर्न सक्छौं। जसरी होस् हाम्रो देशलाई फाइदा हुने, हाम्रो देशको शीघ्र विकास हुने कुरामा हाम्रो ध्यान जानेछ र गइरहेको पनि छ। यसर्थ हाम्रो देशको विकास सम्भव छ, छिटो हुन्छ । यो देशसँग अहिले पनि युवा जनशक्ति छ, स्रोतसाधन छन्, हाम्रा प्रयासहरु र हाम्रा मित्रहरुका साथ सहयोगले हामी छिटै अगाडि बढ्न सक्नेछौं । म सबै साथीहरुलाई धेरैधेरै धन्यवाद भन्न चाहन्छु धन्यवाद तथा शुभकामना।रासस

# प्रधानमन्त्रीबाट बगनासकालीको प्रशासकीय भवन उद्घाटन



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले पाल्पाको बगनासकाली गाउँपालिकाको प्रशासकीय भवनको आज ' भर्चुअल'रुपमा उद्घाटन गर्नुभएको छ।

प्रधानमन्त्री ओली शुक्रबार कार्यक्रमस्थलमै पुगेर उद्घाटन गर्ने कार्यक्रम रहे पनि उहाँको स्वास्थ्य प्रतिकूलताका कारण प्रधानमन्त्री निवास, बालुवाटारबाट सम्बोधनसहित भवन उद्घाटन गर्नुभएको हो। उहाँले उर्वर भूमि बगनासकाली गाउँपालिकाको कार्यक्रमस्थल चिर्तुङ्गधारामा आउने र पाल्पाली जनतासँग भेटघाट गर्ने चाहना हुँदाहुँदै रुघाखोकी लागेका कारण प्रत्यक्ष रुपमा उपस्थित हुन असमर्थ भएको उल्लेख गर्नुभयो।

प्रधानमन्त्री ओलीले प्रशासकीय भवनबाट स्थानीय जनताले अझ राम्रो गरी सेवा पाई र नयाँ अनुभूति मिल्नेगरी काम गर्न आग्रह गर्नुभयो। उहाँले पाल्पा एक ऐतिहासिक र रमणीय जिल्ला भएकाले यस प्रकारको छविलाई यहाँका जनताले कायमै राख्ने विश्वास व्यक्त गर्दै आफूहरुले सुरु गरेका सिद्धबाबा सुरुङलगायत विकास निर्माणका काम आफूहरुकै पालामा सम्पन्न गर्नेगरी काम भइरहेको बताउनुभयो।

खनिज तत्वको प्रयोगमा पाल्पा अगाडि रहेको र कृषिमा उद्यमशीलता एवं समग्र विकासमा यो जिल्ला थप अग्रसर हुने प्रधानमन्त्री ओलीले अपेक्षा गर्नुभयो। 'भर्चुअल'रुपमा उद्घाटन गरिएको कार्यक्रममा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललगायत उपस्थित हुनुभएको थियो।

**तिनाउ गाउँपालिकाको भवन उद्घाटन**

प्रधानमन्त्री केपी शर्मा ओलीले पाल्पाको तिनाउ गाउँपालिकाको दोभानस्थित प्रशासकीय भवनको शुक्रबार 'भर्चुअल' माध्यमबाट उद्घाटन गर्नुभएको छ।

प्रधानमन्त्री ओलीले कार्यक्रमस्थलमा पुगेर उद्घाटन गर्ने प्रबल इच्छा भए पनि स्वास्थ्यस्थितिले साथ नदिएका कारण आउन नसकेको उल्लेख गर्दै नयाँ भवनबाट जनतालाई धेरै सेवा दिन र विकास निर्माणका काम थप अगाडि बढाउन सक्नुहोस् भनी कामना गर्नुभयो । पाल्पाको विकास निर्माणको मार्गलाई अझ तीव्र रुपमा अगाडि बढाउन उहाँले आग्रह गर्नुभयो।

प्रधानमन्त्री ओलीले सरकार परिवर्तन हुन्छ भन्ने हल्ला अर्थहीन भएको बताउनुभयो।रासस

# भारतमा रेल दुर्घटनामा सात नेपालीको मृत्यु, सरकारद्वारा दुःख व्यक्त

काठमाण्डु। सरकारले यही माघ ९ गते भारतको महाराष्ट्र राज्यको जलगाउँ जिल्लाको परधाडे स्टेसननजिकै भएको रेल दुर्घटनामा परी सात नेपालीसहित १२ जनाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गरेको छ।

परराष्ट्र मन्त्रालयले शुक्रबार विज्ञप्तिमार्फत उक्त दुर्घटनामा आफन्त गुमाएका शोकाकुल परिवारजनप्रति समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ। उक्त रेल दुर्घटनामा परी नेपाली नागरिक कमला नवीन भण्डारी, लछिराम पासी, हिमु नन्दराम विश्वकर्मा, नन्दराम पद्म विश्वकर्मा, मैसारा कामी विश्वकर्मा, जोक्ला कामी र राधेश्याम राध नेपालीको निधन भएको मन्त्रालयले जनाएको छ।

दुर्घटनामा घाइते भएका चार नेपालीमध्ये तीनजनाको स्थानीय अस्पताल र गम्भीर घाइते एकजनाको गोदावरी अस्पताल, जलगाउँमा उपचार भइरहेको छ। दुर्घटनामा मृत्यु भएका नेपालीको शव नेपाल ल्याउन तथा घाइतेको शीघ्र उपचार गर्नका लागि परराष्ट्र मन्त्रालयले नयाँ दिल्लीस्थित नेपाली राजदूतावास तथा काठमाडौंस्थित भारतीय राजदूतावासमार्फत भारत सरकारका सम्बन्धित निकायसँग समन्वय एवं सहजीकरण गरिरहेको जनाएको छ।रासस



# बालविवाह मुक्त अभियानमा प्रदेश सरकार प्रतिबद्धः मुख्यमन्त्री लामा

मनहरी । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले बालविवाह मुक्त नेपालका लागि प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

शुक्रबार मुख्यमन्त्री कार्यालय हेटौंडामा बालविवाह मुक्त नेपालका लागि जस्ट राइट्स फर चिल्ड्रेन इन नेपालका प्रतिनिधि तथा बालबालिकामाझ उहाँले प्रतिज्ञा पत्रमा हस्ताक्षर गर्दै बागमती प्रदेश सरकार बालविवाह मुक्त अभियानमा प्रतिबद्ध रहेको बताउनुभयो । मुख्यमन्त्री लामाले यसअघि नै प्रदेश सरकारले बालविवाह मुक्त गर्नका लागि नीति र कानुनहरू बनाइसकेको समेत बताउनुभयो।

"हामीले यसअघि नै कानुन बनाइसकेका छौं, स्थानीय तहहरूमा पनि नीति र कानुन बनाउँदैछौं", उहाँले भन्नुभयो, "कानुनी र संवैधानिक रुपमै हामी बालविवाह मुक्त प्रदेशका लागि प्रतिबद्ध छौं।"

हस्ताक्षर समारोहमा सामाजिक अभियानकर्मी बालकृष्ण पाण्डे, डा गङ्गाधर अधिकारी, देवकी रेग्मीलगायत बालबालिकाको सहभागिता रहेको थियो । सन् २०३० सम्म बालविवाह मुक्त नेपाल घोषणा गरिसक्नका लागि गत पुस १६ गते प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिबद्धतापत्रमा



हस्ताक्षर गरेर अभियानको सुरुआत गर्नुभएको थियो। त्यसपछि सङ्घीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री तथा सातै प्रदेश सरकारका सामाजिक विकास मन्त्रीहरूले संयुक्त रुपमा राष्ट्रिय अभियानको सुरुआत गर्नुभएको थियो।

विश्वव्यापी यो अभियान तीन महादेशका करिब २८ राष्ट्रमा सञ्चालित छ । बालविवाह रोकथामका लागि प्रदेश सरकारका मुख्यमन्त्री लामाले गर्नुभएको प्रतिबद्धताप्रति धन्यवाद दिँदै अभियानकर्मी पाण्डेले बालविवाह रोकथामका लागि समुदायस्तरबाट पनि अभियान थाल्नुपर्ने बताउनुभयो।

उहाँले शारीरिक र मानसिक रूपमा परिपक्व भएर मात्रै विवाह गर्नु उपयुक्त हुने हुँदा नेपालको कानुनले २० वर्ष पुगेपछि मात्र विवाह गर्न योग्य मानेको जानकारी दिनुभयो । अहिले पनि बालविवाहका घटना सुनिँदै आएकामा राज्यले यसलाई रोक्नका लागि कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा जोड दिन उहाँले सुझाव दिनुभयो।रासस

# २४ करोड २० लाख बालबालिकाको विद्यालय शिक्षा प्रभावित


एएफपी

संयुक्त राष्ट्रसंघ । अत्यधिक प्रतिकुल मौसमका कारण गत वर्ष ८५ देशका करिब २४ करोड २० लाख बालबालिकाको विद्यालय शिक्षा प्रभावित भएको संयुक्त राष्ट्रसङ्घीय बालबालिका सम्बन्धी निकाय (युनिसेफ)ले बिहीबार जनाएको छ ।युनिसेफकी कार्यकारी निर्देशक क्याथरिन रसलले बालबालिकाहरू अत्यधिक प्रतिकुल मौसमको चपेटामा पर्ने चेतावनीमध्ये गर्मीको लहरले सबैभन्दा बढी प्रभाव पारेको प्रतिवेदनमा उल्लेख छ।

उहाँले एक विज्ञप्ति जारी गरी भन्नुभयो, "बालबालिकाहरू तातोका कारण छिटो प्रभावित हुन्छन्, उनीहरूको कम पसिना बग्छ र वयस्कहरूको तुलनामा बिस्तारै चिसो हुन्छन् र तातो मौसमबाट प्रभावित हुन्छन् ।"

उहाँले अगाडि भन्नुभयो, "बच्चाहरू चर्को गर्मीबाट कुनै राहत नदिने कक्षाकोठामा अध्ध्यनमा ध्यान केन्द्रित गर्न सक्दैनन्, बाढी वा चिसोमा पनि उनीहरूले विद्यालय उपस्थित हुन असमर्थ हुन्छन् ।" दशकौंसम्म जीवाश्म ईन्धनको अनियन्त्रित जलनलगायत मानव गतिविधिले पृथ्वीलाई न्यानो बनाएको छ र मौसमको ढाँचापरिवर्तन गरेको छ।

सन् २०२४ मा विश्वको औसत तापक्रम उच्च विन्दुमा पुगेको छ र पछिल्ला केही वर्षहरूमा यसले अस्थायी रूपमा पहिलो पटक १.५ डिग्री सेल्सियस तापक्रम वृद्धिको सीमा पार गरेको छ ।यसले गर्दा चिसोमा बढी चिसो र सुख्खा याम बढी सुख्खा भएको छ, गर्मी र आँधीबेहरी तीव्र भएको छ र जनसङ्ख्यालाई विपत्तिको



चपेटामा पारेको छायुनिसेफको प्रतिवेदनमा २४ करोड २० लाखको आँकडा 'परम्परागत विधिबाट गरिएको अनुमान' भएको उल्लेख गरिएको छ।

किन्डरगार्टनदेखि हाई स्कूलसम्मका विद्यार्थीहरूले जलवायुको झट्काका कारण वर्षभरि नै कक्षाहरू अनुपस्थित भएका, बिदाहरू थपिएको, विदालय पुनः खोल्न ढिलाइ भएको, समय तालिकाहरू परिवर्तन भएको र विद्यालयहरू समेत क्षतिग्रस्त वा नष्ट भएको उपलब्ध तथ्याङ्कले देखाएको छ।

बङ्गलादेश, कम्बोडिया, भारत, थाइल्याण्ड र फिलिपिन्समा तापक्रम बढेसँगै अप्रिलमहिनामा मात्रै ११ करोड ८० लाख बालबालिका गर्मीबाट प्रभावित भएका थिए ।फिलिपिन्समा विशेष गरी हजारौं गैर-वातानुकूलित विद्यालयहरूमा बच्चाहरू हाइपरथर्मियाको जोखिममा भएका कारण विदालय बन्द गरिएको थियो ।

**तापमानको साथ जोखिममा वृद्धि**

धेरै देशहरूमा विद्यालयमा नयाँ सत्र सुरू हुने सेप्टेम्बरमा धेरै देशमा पठनपाठन प्रभावित भएको थियो।

विशेषगरी पूर्वी एसिया र प्रशान्त क्षेत्रमा आएको विनाशकारी आँधी यागीका कारण १८ वटा देशमा पठनपाठन बन्द गरिएको थियो ।

दक्षिण एसिया जलवायुसँग सम्बन्धित विद्यालय अवरोधबाट सबैभन्दा बढी प्रभावित क्षेत्र थियो, जहाँ १२ करोड ८० लाख विद्यालयका बालबालिका प्रभावित भएका थिए।

गत बर्ष भारतमा सबैभन्दा बढी पाँच करोड ४० लाख बालबालिका गर्मीका कारण प्रभावित भएका थिए। बङ्गलादेशमा पनि तीन करोड ५० लाख मानिस गर्मी वा मौसमजन्उ विपत्तिबाट प्रभावित भएका थिए।

विश्वका आधा भन्दा बढी बालबालिका (करिब एक अर्ब) जलवायु र वातावरणीय झट्काको उच्च जोखिममा रहेका देशहरुमा बसोबास गरिरहेकाले आगामी वर्षहरुमा यो आँकडा बढ्ने सम्भावना रहेको छ।

यदि हरितगृह ग्यौँसको उत्सर्जन अहिलेकै गतिमा जारी रह्यो भने सन् २००० को तुलनामा सन् २०५० मा आठ गुणा बढी बालबालिका गर्मीको लहरको चपेटामा पर्ने युनिसेफको अनुमान छ ।अनुमानअनुसार तीन गुणाभन्दा बढी मानिस भीषण बाढीको चपेटामा पर्नेछन् भने १.७ गुणा बढी डढेलोको चपेटामा पर्नेछन्।

युनिसेफले यस क्षतिले केही बालबालिका र यसमा पनि विशेषगरी बालिकाले विद्यालय छोड्ने जोखिम बढाउन सक्ने भन्दै चिन्ता व्यक्त गरेको छ ।विश्वका करिब दुई तिहाइ बालबालिकाले १० वर्षको उमेरसम्म बुझ्नै नसक्ने गरी पढ्न नसक्ने भएकाले जलवायु सङ्कटले यो वास्तविकतालाई अझ विकराल बनाइरहेको छ।

रसेलका अनुसार जलवायु परिवर्तनका कारण सबैभन्दा बढी प्रभावित हुने सेवामध्ये शिक्षा पनि एक हो।

"तैपनि नीतिगत छलफलहरूमा यसलाई बेवास्ता गरिन्छ," उहाँले चेतावनी दिनुभयो । उहाँले भन्नुभयो, "बालबालिकाको भविष्य जलवायुसँग सम्बन्धित सबै योजना र कार्यहरूमा अग्रपंक्तिमा हुनुपर्दछ।"युनिसेफले जलवायु जोखिमप्रतिरोधी कक्षाकोठामा लगानी गर्न पनि आह्वान गरेको छ।

# युु-१९ महिला विश्वकप क्रिकेट : नेपालद्वारा मलेसिया पराजित



काठमाण्डु । आइसिसी यु-१९ महिला विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत शुक्रबार भएको प्लेअफ खेलमा नेपालले मलेसियालाई पराजित गरेको छ। कप्तान पूजा महतोको उत्कृष्ट खेल प्रदर्शनमा नेपालले मलेसियालाई सात विकेटले हराएको हो।

मलेसियाको जोहर क्रिकेट एकेडेमी ओभलमा नेपालले टस जितेर पहिला फिल्डिङ राजेको थियो। मलेसियाले १६ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै ४५ रनको योगफल बनायो । छ्यालिस रनको सामान्य लक्ष्य नेपालले ११ ओभरमा ३ विकेट गुमाएर पूरा गऱ्यो।

नेपालका लागि कप्तान पूजाले अविजित २३ रनको योगदान दिइन् । उनले ३२ बल खेल्ने क्रममा चार चौका प्रहार गरिन् । यसैगरी, ज्योत्सिन्का मरासिनले सात र सिमाना केसीले अविजित चार रन जोडिन्। बलिङतर्फ मलेसियाका लागि मार्सा क्विस्टिना बिन्टी अब्दुल्लाहले तीन विकेट लिइन्।

यसअघि ब्याटिङ गर्ने क्रममा मलेसियाका लागि नुरिमानले सर्वाधिक १५ रन जोड्नुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।बलिङतर्फ नेपालका लागि पूजा महतो एक्लैले चार विकेट लिइन् भने रचना चौधरीले तीन विकेट लिइन्। त्यसैगरी, रिया शर्मा र सिमाना केसीले एक एक विकेट लिए।

विश्वकपको समूह 'डी' मा रहेको नेपाल यसअघि समूह चरणको तीनवटै खेलमा पराजित भएको थियो। नेपालले स्कटल्यान्ड, अस्ट्रेलिया र बङ्गलादेशसँग हार बेहोरेको थियो। यस्तै समूह 'ए' मा रहेको मलेसिया पनि समूह चरणमा भारत, श्रीलङ्का र वेस्ट इन्डिजसँग पराजित भएको थियो ।रासस

# गाजाको भग्नावशेष हटाउन पाँच बर्ष लाग्ने



सिन्ह्वा

रामल्ला। गाजामा रहेको भग्नावशेष हटाउन पाँच बर्षसम्म लग्ने प्यालेष्टिनी अधिकारीले बताएका छन्।

पर्याप्त रकम र उपकरण उपलब्ध भएमा इजरायलसँगको द्वन्द्वका क्रममा गाजामा रहेको भग्नावशेष हटाउन तीनदेखि पाँच वर्ष लाग्न सक्ने प्यालेस्टिनी सार्वजनिक संरचना निर्माण तथा आवास मन्त्री अहेद बिसिसोले बताउनुभएको हो।

विस्फोटक पदार्थ पत्ता लगाउनका लागि स्रोत, कोष र विशेष उपकरणहरू सुरक्षित गर्न, र भग्नावशेष उठाउन, सामान छुट्टाउन र ढुवानी गर्न तीनदेखि पाँच बर्ष लाग्नसक्ने अनुमान गरिएको बिसिसोले प्यालेस्टिनी समाचार संस्था (वाफा) सँग बताउनुभएको हो।

उहाँले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) लगायत विभिन्न संस्थासँग सडक खुलाउने र भग्नावशेष हटाउने प्रक्रियामा समन्वयका लागि आफ्नो मन्त्रालयले काम गरिरहेको बताउनुभयो।

अर्को चरणमा विद्यालय, अस्पताल र मस्जिदसहित १५० वटा सार्वजनिक भवनको भग्नावशेष हटाउने र सडक पुनः सञ्चालन गर्ने विषयमा केन्द्रित हुने बिसिसोले बताउनुभयो। "पेश गरेको दुई करोड ५० लाख क्षतिको स्थानीय बासिन्दाले पेश गरेको प्रतिवेदनमा आधारित विस्तृत अध्ययन पूरा भएको छ," बिसिसोले भन्नुभयो।

वेस्ट बैङ्क र गाजा दुवैको स्थितिलाई सम्बोधन गर्न एउटा कार्य दल स्थापना गरिएको छ। बिसिसोले भन्नुभयो, "प्रारम्भिक जानकारी अनुसार इजरायली आक्रमणका कारण लगभग चार लाख आवासीय एकाइहरू पूर्ण वा आंशिक रूपमा नष्ट भएका छन्। दाताहरूको समन्वयमा दुई लाख नयाँ एकाईहरूको निर्माण गरिनुपर्ने आवश्यकता देखिएको छ।" आंशिक रुपमा क्षति भएका घरहरूको मर्मत सम्भार गर्न र घरहरू पूर्ण रुपमा ध्वस्त भएकाहरूलाई अस्थायी आवास उपलब्ध गराउन साझेदारहरूसँग मिलेर काम गर्ने मन्त्रालयको योजना छ।

उहाँका अनुसार आफन्तसँग बस्ने परिवारले आर्थिक क्षतिपूर्ति पाउनेछन्। संयुक्त राष्ट्रसङ्घको अनुमानअनुसार २० लाखभन्दा बढी जनसंख्या रहेको गाजामा पाँच करोड टनभन्दा बढी भग्नावशेष हटाउन आवश्यक छ र यसका लागि करिब एक अर्ब २० करोड अमेरिकी डलर को लागत लाग्नेछ।

गाजास्थित प्यालेष्टिनी सरकारी सञ्चारमाध्यम वाफाको कार्यालयले युद्धविरामपछिको आफ्नो पहिलो मूल्याङ्कनमा गाजा पट्टीको ८८ प्रतिशत क्षेत्रमा क्षति पुगेको र प्रारम्भिक क्षति ३८ अर्ब डलरभन्दा बढी भएको अनुमान गरेको छ।

> उहाँले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) लगायत विभिन्न संस्थासँग सडक खुलाउने र भग्नावशेष हटाउने प्रक्रियामा समन्वयका लागि आफ्नो मन्त्रालयले काम गरिरहेको बताउनुभयो ।

# अष्ट्रेलियाली प्रधानमन्त्रीद्वारा निर्माण प्रशिक्षार्थीलाई नगद प्रोत्साहन दिने प्रतिबद्धता

सिन्ह्वा

क्यानबेरा । अस्ट्रेलियाका प्रधानमन्त्रीले आवास निर्माण क्षेत्रमा काम गर्ने प्रशिक्षार्थीलाई थप नगद प्रोत्साहन दिने घोषणा गर्नुभएको छ।

नेसनल प्रेस क्लबमा सन् २०२५ को पहिलो प्रमुख सम्बोधनमा चुनावी नीतिको घोषणा गर्दै प्रधानमन्त्री एन्थोनी अल्बानीसले शुक्रबार प्रशिक्षार्थीलाई थप नगद प्रोत्साहन दिने घोषणा गर्नुभएको हो । यसले अस्ट्रेलियामा 'ट्राडिज' भनेर चिनिने अर्को पुस्ताका दक्ष कामदारलाई सहयोग गर्ने र निर्माण कार्यबललाई प्रोत्साहन गर्ने बताउनुभएको थियो।

प्रोत्साहनका लागि ६२ करोड ६० लाख ९० हजार अष्ट्रेलियन डलर (करिब ३९ करोड ९० लाख ४० हजार अमेरिकी डलर) छुट्टाइएको छ । यस नीति अन्तर्गत आवासीय निर्माणमा काम गर्ने दक्ष श्रमिकहरूले उनीहरूको प्रशिक्षणको क्रममा पाँच किस्तामा १० हजार अष्ट्रेलियन डलर ( छ हजार ३०८ अमेरिकी डलर) प्राप्त गर्नेछन् ।



अल्बानीसले भन्नुभयो, "हामी नयाँ पुस्ताका दक्ष कामदार (ट्राडीज) हरू पहिचान गर्नेछौं, हामीलाई आवश्यक नयाँ घरहरू निर्माण गर्न हामीले भरोसा गरिरहेका व्यक्तिहरू आर्थिक दबाबमा छन्।"

उहाँले भन्नुभयो, "धेरैले आर्थिक अभावका कारण प्रशिक्षण छोड्छन् हाम्रो सरकार धेरै भन्दा धेरै अष्ट्रेलियालीहरूलाई उपकरणहरू प्राप्त गर्न र निर्माणमा रहन प्रोत्साहित गर्न चाहन्छ।"

अल्बानीसको लेबर पाटीको नेतृत्वमा रहेको सरकारले सन् २०२३ मा अस्ट्रेलियामा सन् २०२९ सम्मको पाँच वर्षको अवधिमा १२ लाख नयाँ घर निर्माण गर्ने लक्ष्य राखेको थियो। उद्योग सङ्गठन मास्टर बिल्डर्स एशोसिएशनले बुधबार दिएको जानकारीअनुसार सन् २०२४ को सेप्टेम्बरसम्मको १२ महिनाको अवधिमा एक लाख ६५ हजार नयाँ घरको निर्माण सुरु भएको छ।

# खेलकुद पत्रकार मञ्च गण्डकीमा आस्थामगर निर्वाचित

कास्की । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको अध्यक्षमा मानबहादुर घर्तीमगर (एमबी आस्था) निर्वाचित हुनुभएको छ। मञ्चको बिहीबार साँझ अबेर सम्पन्न तेस्रो अधिवेशनले आगामी दुईवर्षे कार्यकालका लागि आस्थाको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित गरेको हो । प्रतिस्पर्धी सुरज श्रेष्ठलाई नौ मतान्तरले पराजित गर्दै आस्था निर्वाचित हुनुभएको हो।

यसैगरी, उपाध्यक्षमा राजाराम पौडेल, उपाध्यक्ष समावेशीमा उमा आलेमगर, महासचिवमा पर्शुराम शर्मा, सचिवमा राजु गिरी र कोषाध्यक्षमा विमल तिवारी निर्वाचित हुनुभयो । मञ्चको उपाध्यक्ष, कोषाध्यक्ष र सदस्यमा सर्वसम्मत भए पनि अध्यक्ष, उपाध्यक्ष (समावेशी), महासचिव र सचिवमा निर्वाचन भएको थियो।

यसैगरी, कार्यसमिति सदस्यमा कृष्ण दवाडी, गीता राना, चेतबहादुर (प्रवीण) थापा, बसबहादुर (वसन्त) शेर्पा, रिखिराम जिसी, विजय नेपाली र बालकुमारी पौडेल निर्वाचित हुनुभयो।

नवनिर्वाचित अध्यक्ष आस्था मगरले खेलकुद विधामा कलम चलाइरहेका पत्रकारको क्षमता अभिवृद्धिका लागि योजना बनाएर काम गर्ने प्रतिबद्धता जनाउनुभयो।

मञ्चको अधिवेशन गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले उद्घाटन गर्नुभएको थियो।



नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारहरूको साझा संस्था हो। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रूपमा स्तरोन्नति गर्दै २०७५ सालमा स्वायत्त संस्थाका रूपमा विकास गरिएको हो।

मञ्चले खेल पत्रकारको क्षमता अभिवृद्धिका लागि तालिम तथा खेल क्षेत्रमा कलम चलाउने पत्रकारको हकहित र सहयोगका लागि काम गरिरहेको छ।

मञ्चले हरेक वर्ष भव्य समारोहबीच आयोजना गर्ने पोखरा स्पोर्ट्स अवार्डले खेल क्षेत्रमा अगाडि बढ्नेलाई उत्प्रेरणा दिने कार्य मात्र नगरी मञ्चप्रतिको आकर्षण बढाएको छ ।रासस

# रूसी ड्रोन आक्रमणमा तीन युक्रेनी सर्वसाधारणको मृत्यु

एएफपी

किएभ ।रूसले युक्रेनी राजधानी किएभ नजिकै ड्रोन आक्रमण गर्दा कम्तीमा तीन सर्वसाधारणको मृत्यु भएको छ।

युक्रेनले १२ वटा रूसी क्षेत्रलाई लक्षित गरी हवाई आक्रमण गरेको बदलामा रूसले युक्रेन नजिकै ड्रोन आक्रमण गरेको हो। युक्रेनी आक्रमणका कारण एक विशाल रूसी कारखानामा सेवा अवरूद्ध भएको थियो । मस्कोले सन् २०२२ को फेब्रुअरीमा युक्रेनमाथि आक्रमण गरेयता राजधानीमा हरेक दिन ड्रोन वा क्षेप्यास्त्र आक्रमण गर्दै आएको छ।

रूसी आक्रमणका कारण क्षतिग्रस्त भएको आवासीय भवनबाट कालो धुवाँ निस्केको र उद्धारकर्मीहरूले मृतकको शव बाहिर निकालेको घटनास्थलबाट प्राप्त तस्वीरमा देखिएको छ।

युक्रेनी आपतकालिन सेवाले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा भनिएको छ, "किएभ क्षेत्रमा शत्रुको आक्रमणमा परी तीन जनाको मृत्यु भएको छ।

" उक्त क्षेत्रका प्रमुखले एक निजी घरमा आक्रमण भएको बताए। ड्रोनका टुक्राहरु १० तले आवासीय भवनमा पनि ठोक्किएको बताइएको छ।



युक्रेनी वायु सेनाले आफ्नो हवाई प्रतिरक्षा प्रणालीले किएभ र पश्चिमी एल्भिभसहित सात क्षेत्रमा २५ वटा रुसी आक्रमणकारी ड्रोन खसालेको जनाएको छ।यसैबीच, युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसको अमानवीय आक्रमणको आलोचना गर्दै मस्कोलाई हतियार उत्पादन गर्नबाट रोक्न युक्रेनी सहयोगी राष्ट्रहरूले प्रतिबन्धहरू कडा पार्नुपर्ने बताउनुभएको छ।

उहाँले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा भनिएको छ, "प्रतिबन्धको उल्लङ्घन गरी आपूर्ति गरिएका शाहेद र अन्य क्षेप्यास्त्रको उत्पादनका लागि हरेक पक्षको जवाफदेहीता हुनुपर्छ ।" रूसी अधिकारीहरूले मस्कोमा युक्रेनी ड्रोन आक्रमणलाई प्रतिकार गरेको बताएपछि किएभको बाहिरी भागमा आक्रमण भएको हो।रुसको रक्षा मन्त्रालयले आफ्नो हवाई प्रतिरक्षा प्रणालीले मस्को, कब्जा गरिएको क्रिमियन प्रायद्वीप र पश्चिमी ब्रायन्स्क क्षेत्रमा युक्रेनी मानवरहित १२१ वटा हवाई यान खसालेको जनाएको छ।

युक्रेनका छ वटा ड्रोनले ब्रायन्स्क क्षेत्रमा उत्पादन र भण्डारण सुविधामा क्षति पुऱ्याएपछि रूसी माइक्रोइलेक्ट्रोनिक्स कारखानाले काम रोकेको रूसी सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।मस्को र किएभ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनको प्रारम्भिक दिनहरूमा सम्भावित वार्ताअघि फाइदाको लागि होडबाजी गरिरहेका छन्।

सपथ ग्रहण गर्नुअघि ट्रम्पले पदभार ग्रहण गरे लगत्तै युक्रेन युद्ध अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । सन् २०२२ को फेब्रुअरीमा युक्रेनमा आक्रमण सुरू गरेको रूसलाई सहुलियत हुनेगरी ट्रम्पले किएभलाई वार्ताका लागि बाध्य पार्नसक्ने आँकलनहरू उहाँको भनाइका आधारमा गरिएका छन्।

यसै साता उहाँले रुसी समकक्षी भ्लादिमिर पुटिनमाथि सम्झौताका लागि दबाब बढाउनुभएको थियो।

उहाँले यदि मस्कोले करिब तीन वर्ष लामो युद्ध अन्त्य गर्न सहमत नभए कडा आर्थिक कदम चाल्ने चेतावनी दिनुभएको थियो ।फक्स न्युजलाई दिएको अन्तर्वार्तामा ट्रम्पले भन्नुभयो, "यदि उनीहरूले यो युद्धलाई तुरुन्तै रोकेनन् भने म रूसमाथि व्यापक कर वृद्धि र ठूला प्रतिबन्धहरू लगाउनेछु।"

# दुई हजार चार सय रोपनीमा आलुखेती



वालिङ । यहाँका केही किसानले व्यावसायिक रुपमा आलुखेती थालेका छन् । गल्याङ, चापाकोट, भीरकोट, वालिङका किसानले व्यावसायिक रुपमा आलुखेती थालेका हुन् ।

यस वर्ष स्याङ्जामा दुई हजार चार सय रोपनीमा आलुखेती गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख विनोद हमालले बताउनुभयो । गत वर्ष एक हजार आठ सय ५० रोपनीमा आलुखेती गरिएको थियो ।

"जिल्लामा आलुखेती हुने क्षेत्रफल वृद्धि भएको छ, क्षेत्रफल वृद्धि हुँदा उत्पादन पनि वृद्धि हुन्छ", उहाँले भन्नुभयो, "यस वर्ष पनि उत्पादन वृद्धि हुने सङ्केत देखिएको छ ।" आलुखेती गर्ने किसानलाई स्थलगत प्राविधिक प्रशिक्षण, बीउ खरिदमा अनुदान, सिँचाइ, रोगकीरा व्यवस्थापन, ग्रेडिङ, प्याकिङ, भण्डारण र बजारीकरणका लागि ज्ञान केन्द्रले सहयोग गर्दै आएको उहाँले बताउनुभयो ।

जिल्लामा कृषक समूह, सहकारी व्यावसायिक फार्ममार्फत व्यक्तिगत र सामूहिक रुपमा आलुखेती गरिएको छ । "विभिन्न जातका बीउ आलु उत्पादनमा स्याङ्जा आत्मनिर्भर रहेको छ, बीउ आलु जिल्लाबाट अन्यत्र पनि निर्यात हुने गरेको छ", उहाँले भन्नुभयो, "खायन आलु जिल्लामा उत्पादन भएकाले नपुगेकाले अन्यत्रबाट आयात गर्नुपर्ने अवस्था रहेको छ, व्यावसायिक आलु उत्पादनतर्फ किसान आकर्षित हुनेक्रम बढ्दै गएकाले उत्पादन पनि वृद्धि हुँदै जाने छ ।"


किसानले बीउ आलु छनोट गर्नसक्ने, उत्पादन भएपछि त्यसको भण्डारण र बजारीकरणका विषयमा पनि बुझ्दै गएकाले अबका वर्षहरुबाट किसानले सीधै बजारीकरण गर्नसक्ने बन्नुहुनेछ । कुन हावापानी र भूगोलमा कुन जातको आलु लगाउँदा उपयुक्त हुन्छ सो अध्ययन गरेर बीउ सिफारिस गर्ने गरेको उहाँले बताउनुभयो । जिल्लामा जनकदेव, खुमल उज्वल, कार्डिनल, एमएस ४५, रोजिटालगायतका उन्नत जातको बीउ आलु लगाउने गरिएको छ ।रासस

# सिद्धबाबा सुरुङ 'ब्रेक थ्रु'

लुम्बिनी ।राष्ट्रिय गौरवको आयोजनाको रुपमा निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको मुख्य सुरुङ छिचोल्ने काम ('ब्रेक थ्रु') भएकोछ । सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकखण्डको माथिल्लो सिद्धबाबा मन्दिरदेखि एक किलोमिटर १२६ मिटर सुरुङमार्ग छिचोल्ने काम सकिएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा शुक्रबार मुख्य सुरुङको 'ब्रेक थ्रु' गरिने कार्यक्रम थियो । मुख्य सुरुङ ' ब्रेक थ्रु' कार्यक्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहाललगायत उपस्थित हुने कार्यक्रम थियो ।

आयोजनाका योजनाप्रमुख कृष्णराज अधिकारीले आज प्रधानमन्त्रीबाट अन्तिम 'ब्रेक थ्रु' गर्ने कार्यक्रमको सबै तयारी पूरा भएको जानकारी दिनुभयो । सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरदेखि पाल्पाको दोभानसम्म अत्यधिक पहिरो झर्ने क्षेत्र पर्छ । सुक्खायाममा पनि धुले पहिरो खस्ने गरेकाले राजमार्गको यस खण्डलाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माण गरिएको हो ।



यो सुरुङमार्गका लागि २०७७ सालमा मन्त्रिपरिषद् बैठकले बजेट विनियोजन गरेसँगै २०७८ साल जेठ ९ मा सडक विभागले अन्तर्राष्ट्रिय रुपमा बोलपत्र आह्वान गरी सुरुङमार्ग निर्माणक ठेक्का लगाएको थियो । सुरुङभित्र केही समस्या आए निस्कन मिल्नेगरी तीनवटा बाइपास बनाइएको छ । तेस्रो र पहिलो बाइपास को 'ब्रेक थ्रु' भदौ तथा असोजमा भएकामा दोस्रो बाइपासको ब्रेक थ्रु गत पुस ७ गते भएको हो । यहाँ पहिलो बाइपासको लम्बाइ एक सय ५१ मिटर, दोस्रोको लम्बाइ एक सय ६१ मिटर र तेस्रोको एक सय ३० मिटर छ । पहिलो बाइपास माथिल्लो सिद्धबाबा मन्दिरतर्फको र तेस्रो बाइपास दोभान ड्याम साइडतर्फको हो । सुरूङमार्ग पाँच वर्षमा सक्ने गरी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले रु सात अर्ब ३४ करोड २१ लाख ४० हजारको लागतमा सुरु गरेको काम २०८३ सालमा सम्पन्न हुनेछ ।

विस २०७८ फागुनमा निर्माण ठेक्का सम्झौता भएपनि कम्पनीले २०७९ सालको अन्तिमतिर सुरूङ खन्न थालेको हो । आयोजना प्रमुख कृष्णराज अधिकारीले सुरूङमार्गका तीनवटै बाइपास सुरूङ ब्रेक थ्रु भइसकेका छन् ।

सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा अगाडि बढाइरहेको यो सुरूङमार्ग बनेपछि बुटवलबाट पाल्पा, गुल्मी, स्याङ्जा, बागलुङ, पर्वतलगायत लुम्बिनी र गण्डकी प्रदेशका पहाडी जिल्लामा आवतजावत सहज हुनेछ ।

स्वीस एजेन्सी फर डेभलपमेन्ट एन्ड कोअप्रेशन (एसडिसी) ले २०७५ सालमा यो क्षेत्रको सर्वेक्षण गरी सुरुङमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गरेको थियो । उक्त कम्पनीले सिद्धार्थ राजमार्गको बर्तुङ-चिडियाखोला सडकखण्डको सिद्धबाबादेखि दोभान चौकीसम्मको दुई हजार सात सय मिटर सडकक्षेत्र जोखिमयुक्त रहेको जानकारी सरकारलाई दिएको थियो । सोही सुझावअनुसार सुरुङमार्ग निर्माणको निर्णय भएको हो ।

विशाल चट्टानले युक्त भिरमा रक सेटअर्थात् स्लोप प्रोटेक्सनको काम गर्न सम्भव नभएको क्षेत्रमा सुरुङको प्रस्ताव भएअनुसार यो सुरुङ खन्न थालिएको हो । २०७६ मङ्सिर २ गते सुरुङमार्गका लागि रु १० अर्ब १५ करोड स्रोत सुनिश्चित भएको थियो । हाल यहाँ दैनिक ४० जना चिनियाँ र नेपाली दक्ष, अर्धदक्ष र अदक्ष गरी एक सय ५० जनाले नियमित काम गरिरहेका छन् । छिचोलिएको सुरुङभित्र पसेर सेकेण्डरी सपोर्टको काम भइरहेको छ ।

**सुरूङका दुवै मोहोडामा 'रक सेट र स्लोप प्रोटेक्सन'**

सिद्धबाबा सुरुङमार्ग निर्माण गर्दा सडकमा मुख्य जोखिम क्षेत्रलाई छाडेर छोटो सुरुङ बनाइएको आम बुझाइ छ । सुरुङमार्गको बुटवल र तानसेनतिरका दुवै मोहोडामा जोखिम क्षेत्रमा तीन हजार पाँच सय मिटर लामो रकनेट (जाली) र स्लोप प्रोटेक्सन गरिनेछ । यो सुरुङमार्गमा पुग्ने बुटवलतिरको खण्ड र सुरुङमार्गबाट निस्किएर तानसेनतिरको खण्डको जोखिमको सडकलाई माथि भिरसम्मै सुरक्षा गर्ने प्रविधि प्रयोग गरिने छ । अष्ट्रियाको ' न्याथम मेथड' नामको नयाँ डिजाइनमा सुरुङमार्ग बनेको छ । सोहीअनुसारका नयाँ डिजाइनमा रकसेट र स्लोप प्रोटेक्सनको काम हुने सुरुङमार्गका इञ्जिनियर श्रीजेस पौडेलले बताउनुहुन्छ । यसअघि इञ्जिनियर पौडेल नागढुङ्गा-सिस्नेखाला सुरुङमार्ग निर्माणमा संलग्न हुनुहुन्थ्यो । दुवै मोहोडामा सडकदेखि करिब ३५ मिटर माथिसम्मै स्लोपलाई सुरक्षा प्रदान गरिने इञ्जिनियर पौडेलले बताउनुभयो ।

अग्लो भिर र चट्टानी पहाड भएकाले सिद्धबाबा सडकखण्डमा बर्खा र हिउँदमा पहिरो झरिरहन्छ । दोभानदेखि बुटवलको चिडियाखोलासम्मको पाँच किलोमिटर क्षेत्र जोखिमपूर्ण मानिन्छ । बाह्रै महिना पहिरो झरेर हरेक वर्ष मानवीय क्षति हुने यो खण्डलाई सुरक्षित बनाउन सुरुङ निर्माण थालिएको हो ।

**बुटवल-गोरुसिङ्गे सडक स्तरोन्नति हुँदै**


प्रधानमन्त्री ओलीले आजै पूर्व-पश्चिम राजमार्गअन्तर्गत बुटवल-गोरुसिङ्गे सडक स्तरोन्नति आयोजनाको शिलान्यास गर्ने कार्यक्रम छ । उक्त आयोजनाका प्रमुख इञ्जिनियर कुशलता न्यौपानेले बुटवल उपमहानगरपालिका-१३ जितगढीमा प्रधानमन्त्रीले शिलान्यास गर्नुहुने बताउनुभयो ।

सडक विभागले दुई चरणमा गरेर बुटवलदेखि गोरुसिङ्गेसम्म ५० किलोमिटर र गोरुसिङ्गेबाट चन्द्रौटासम्म १९ किलोमिटर सडक स्तरोन्नति गर्दैछ । बुटवलदेखि रूपन्देही र कपिलवस्तुको सीमाक्षेत्र कोठीनदीसम्मको २५ किलोमिटर र कोठीदेखि गोरुसिङ्गेसम्म २५ किलोमिटरलाई दुई भागमा विभाजन गरी गत असार १३ गते सडक निर्माण ठेक्का सम्झौता भएको थियो । चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इञ्जिनियरिङ ग्रुप कर्पोरेशन र चितवन निर्माण सेवाले ठेक्का सम्झौता गरेको यो सडक स्तरोन्नति गर्दा सञ्चालनमा रहेको यातायात सेवा अवरुद्ध नहुने गरी निर्माण गरिने आयोजना प्रमुख न्यौपानेले बताउनुभयो ।

आयोजना प्रमुख न्यौपानेका अनुसार निर्माण कम्पनीले गत कात्तिक ४ गते सडक विभागसँग सडक स्तरोन्नतिका लागि कार्यादेश लिएको कम्पनीले ल्याब, क्रसर र कङ्क्रिट बनाउने ठाउँ बनाइसकेको छ । निर्माण कम्पनी एउटै भए पनि दुई भागमा विभाजन गरी अलगअलग ठेक्का भएकाले काम पनि दुईतर्फबाट एकैपटक हुनेछ । पचास किलोमिटर सडकअन्तर्गत सालझण्डी-पिपरा र वनगाई-गोरुसिङ्गेसम्म करिब २० किलोमिटर जङ्गल क्षेत्र छ । यो खण्डमा सर्भिस लेनबिना २४ मिटर चौडाइको चार लेन सडक बन्नेछ ।

पूर्व-पश्चिम राजमार्ग खण्ड भएकाले बजार तथा बस्ती क्षेत्र पर्ने ३० किलोमिटरमा भने दुवैतर्फ सर्भिस लेनसहितको छ लेन सडक बन्ने आयोजना प्रमुख न्यौपानेले जानकारी दिनुभयो । यो सडक सहर उन्मुख क्षेत्रमा सर्भिस लेनसहित ३७ मिटर र सहरी क्षेत्रमा सर्भिस लेनसहित ५० मिटर चौडा हुनेछ । ठूला चोकहरुमा अन्डर पास र ओभर पास हुनेछन् ।रासस

# कृषि भूमि घट्दा उत्पादन भने बढ्यो



काठमाण्डु । सुदूरपश्चिम प्रदेशमा कृषि भूमि क्रमशः घट्दै गएको पाइएको छ । नेपाल राष्ट्र बैंकले गरेको अध्ययनअनुसार सो प्रदेशमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला)ले ढाकेको भू-क्षेत्र सात दशमलव ७१ प्रतिशतले ह्रास भएको छ । यस्तै, त्यस्ता बालीको उत्पादन दुई दशमलव ८५ प्रतिशतले बढेको छ ।

केन्द्रीय बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनअनुसार प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी फापर र जौँको उत्पादन क्रमशः ६५ दशमलव ७१ प्रतिशत र २५ दशमलव शून्य तीन प्रतिशतले वृद्धि भएको छ भने तेलहनको उत्पादनमा सबभन्दा बढी १८ दशमलव ५३ प्रतिशतले ह्रास आएको छ ।

पशुजन्य उत्पादनअन्तर्गत दूध चार दशमलव ५८ प्रतिशत, मासु नौ दशमलव ३२ प्रतिशत र अण्डा छ दशमलव चार प्रतिशतले बढेको छ ।

सो प्रदेशका बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कुल कर्जाको १० दशमलव ८१ प्रतिशत हिस्सा कृषि क्षेत्रमा प्रवाहित भएको छ । गत असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०८० असार मसान्तको तुलनामा एक दशमलव ३१ प्रतिशतले ह्रास भई रू १६ अर्ब ५२ करोड ८५ लाख पुगेको छ ।

अध्ययन नमूनामा समेटिएका उद्योगहरूको औसत क्षमता उपयोग ४८ दशमलव ९६ प्रतिशत रहेको छ । औद्योगिक उत्पादनमध्ये चामल र गहुँको उत्पादन वृद्धि भएको छभने तोरीको तेल, साबुन, इँटा, चिनी र रोजिनको उत्पादनमा ह्रास आएको छ ।

समीक्षा वर्षको अन्त्यसम्ममा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कुल कर्जाको १६ दशमलव ७५ प्रतिशत हिस्सा उद्योग क्षेत्रमा प्रवाहित भएको छभने उक्त क्षेत्रमा प्रवाह भएको कर्जा २०८० असार मसान्तको तुलनामा चार दशमलव ७९ प्रतिशतले ह्रास भई रू २५ अर्ब ६० करोड १८ लाख पुगेको छ ।

यस्तै, पर्यटकस्तरीय होटल तथा लजको संख्यामा चार दशमलव १७ प्रतिशतले कमी आएको छभने होटल शय्याको संख्या एक दशमलव ४७ प्रतिशतले घटेको छ । यस्तै, घरजग्गा रजिष्ट्रेशन संख्या आठ दशमलव २३ प्रतिशतले घटेको छभने रजिष्ट्रेशन राजस्व ३१ दशमलव शून्य चार प्रतिशतले वृद्धि भएको छ । गत असार मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सङ्कलन गरेको कुल निक्षेप २०८० असार मसान्तको तुलनामा १६ दशमलव शून्य नौ प्रतिशतले बढेको छभने कर्जा प्रवाह शून्य दशमलव ७५ प्रतिशतले वृद्धि भएको छ ।

समीक्षा वर्षमा यातायात साधन संख्या चार दशमलव १२ प्रतिशतले वृद्धि भएको छ । बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कुल कर्जाको ७२ दशमलव ४४ हिस्सा सेवा क्षेत्रमा प्रवाहित भएको छ ।

सुदूरपश्चिम प्रदेश सरकारको चालु खर्चतर्फ विनियोजन भएको बजेटमध्ये समीक्षा वर्षमा ६६ दशमलव ५५ प्रतिशत खर्च भएको छभने पुँजीगत खर्चतर्फ विनियोजन भएको बजेटमध्ये ६२ दशमलव शून्य छ प्रतिशत खर्च भएको छ ।


अध्ययनअनुसार, २०८० फागुनसम्ममा यस प्रदेशका विभिन्न जलविद्युत् आयोजनाहरूबाट कुल एक सय ७१ मेगावाट विद्युत् उत्पादन भएको छ । आव २०८०/८१ मा यस प्रदेशबाट जम्मा २४ हजार २५ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । आव २०८०/८१ को फागुन मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीमा खटिएका व्यक्तिको औषत रोजगारी दिन ६५ दशमलव ७७ रहेको छ ।रासस

# अमेरिकी डलरको भाउ बढ्दा कुन-कुन विदेशी मुद्राको घट्यो

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ ।

निर्धारित विनिमयदरअनुसार अमेरिकी डलरको मूल्य शुक्रबार पुनः बढेको छ । निर्धारित दरअनुसार साउदी अरेबियन रियाल, कतारी रियाल, युएई दिराम, हङकङ डलर, कुवेती दिनार, बहराइन दिनार, ओमनी रियालको भाउ बढेको छ ।

यस्तै, युरोपियन युरो, युके पाउन्ड स्ट्रलिङ, स्वीस फ्र्याङ्क, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, सिङ्गापुर डलर, चिनियाँ युआन, जापानी येन, थाई भाट, साउथ कोरियन वन, स्वीडिस क्रोनर, डेनिस क्रोनरको भाउ भने घटेको छ । यस्तै, केही विदेशी मुद्राको भाउ भने अघिल्लो दिनको तुलनामा स्थिर छ ।



राष्ट्र बैंकका अनुसार शुक्रबारका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३८ रूपैयाँ ०४ पैसा र बिक्रीदर एकसय ३८ रूपैयाँ ६४ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४३ रूपैयाँ ७३ पैसा र बिक्रीदर एक सय ४४ रूपैयाँ ३६ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर एक सय ७० रूपैयाँ १५ पैसा र बिक्रीदर एक सय ७० रूपैयाँ ८९ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५२ रूपैयाँ १९ पैसा र बिक्रीदर एक सय ५२ रूपैयाँ ८५ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ५४ पैसा र बिक्रीदर ८६ रूपैयाँ ९२ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रूपैयाँ ९२ पैसा र बिक्रीदर ९६ रूपैयाँ ३३ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रूपैयाँ ७७ पैसा र बिक्रीदर एक सय दुई रूपैयाँ २१ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर आठ रूपैयाँ ८२ पैसा र बिक्रीदर आठ रूपैयाँ ८६ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ९४ पैसा र बिक्रीदर १९ रूपैयाँ ०२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ८० पैसा र बिक्रीदर ३६ रूपैयाँ ९६ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ८६ पैसा र बिक्रीदर ३८ रूपैयाँ ०३ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ०६ पैसा र बिक्रीदर चार रूपैयाँ ०८ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ ५८ पैसा र बिक्रीदर ३७ रूपैयाँ ७५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ०६ पैसा र बिक्रीदर ३१ रूपैयाँ २० पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ६१ पैसा र बिक्रीदर नौ रूपैयाँ ६५ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ५३ पैसा र बिक्रीदर १२ रूपैयाँ ५८ पैसा र डेनिस क्रोनरएकको खरिददर १९ रूपैयाँ २७ पैसा र बिक्रीदर १९ रूपैयाँ ३५ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ७२ पैसा र बिक्रीदर १७ रूपैयाँ ८० पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४७ रूपैयाँ ८३ पैसा र बिक्रीदर चार सय ४९ रूपैयाँ ७८ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६६ रूपैयाँ २६ पैसा र बिक्रीदर तीन सय ६७ रूपैयाँ ८५ पैसा, ओमनी रियाल एकको खरिददर तीन सय ५८ रूपैयाँ ६३ पैसा र बिक्रीदर तीन सय ६० रूपैयाँ १९ पैसा तोकिएको छ । यस्तै, भारतीय रूपैयाँ एक सयको खरिददर एक सय ६० रूपैयाँ र बिक्रीदर एक सय ६० रूपैयाँ १५ पैसा निर्धारण भएको छ ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ ।रासस

# समितिद्वारा तरकारी र फलफूलको मूल्य निर्धारण



काठमाण्डु । कालीमाटी फलफूल तरकारी विकास समितिले शुक्रबारका लागि कृषिउपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । शुक्रबार गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभैँडा सानो (लोकल) प्रतिकेजी रु २०, गोलभैँडा सानो (तराई) प्रतिकेजी रु ३०, गोलभैँडा सानो भारतीय रु ३० आलु रातो प्रतिकेजी रु ४७, आलु रातो (भारतीय) प्रतिकेजी रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७०, गाजर (लोकल) प्रतिकेजी रु ५०, गाजर (तराई) प्रतिकेजी रु ४०, बन्दा (लोकल) प्रतिकेजी रु २५, बन्दा (तराई) प्रतिकेजी रु १५, बन्दा (नरिवल) प्रतिकेजी रु १५, काउली स्थानीय प्रतिकेजी रु १५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २०, काउली (तराई) प्रतिकेजी रु १५, मूला रातो प्रतिकेजी रु ४०, मूला सेतो (लोकल) प्रतिकेजी रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ३०, भन्टा डल्लो प्रतिकेजी रु ४० कायम भएको छ ।

यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु ६०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ७०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ७०, टाटे सिमी प्रतिकेजी रु ५०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ७०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १३०, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ३०, पिँडालु प्रतिकेजी रु ८०, स्कूस प्रतिकेजी रु ५०, रायो साग प्रतिकेजी रु १५, पालुङ्गो साग प्रतिकेजी ५०, चमसुरको साग रु ५०, तोरीको साग प्रतिकेजी रु ३०, मेथीको साग प्रतिकेजी रु ५०, प्याज हरियो प्रतिकेजी रु ४०, बकुला प्रतिकेजी रु ६०, तरुल प्रतिकेजी रु ९०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ३५० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकेजी रु ३०, चुकुन्दर प्रतिकेजी रु ९०, सजिवन रु २५०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १६०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १३५, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १४०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ६०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २४०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १२०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ००, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ७०, लसुन हरियो प्रतिकेजी रु १००, हरियो धनिया प्रतिकेजी रु ३०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, रुख टमाटर प्रतिकेजी १५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ ।रासस

# लहानमा मेयरविरुद्ध किसान आन्दोलित



टुडे समाचारदाता

लहान। सिरहाको लहानस्थित खुटी नहरको अस्तित्व मासेर ढल बनाउन थालेपछि लहान नगरपालिकाका मेयर महेश चौधरीविरुद्ध स्थानीय किसानहरुले आन्दोलन तीब्र बनाएका छन् ।

मेयर चौधरीविरुद्ध किसानहरु लहान नगरपालिकाको मूल गेटमा धर्ना बस्दै आएका छन् । उनीहरुले कठ्यांग्रिदो चिसोलाई समेत बेवास्ता गर्दै धर्नामा बस्ने गरेका छन् ।

बिहीबार दिनभर धर्नामा बसेका किसानहरुले मेयर चौधरीको पुतला दहन गरेका छन् भने शनिबार लहान नगरको प्रदर्शन र यातायात अवरुद्ध गर्ने कार्यक्रम तय गरेको संघर्ष समिति अध्यक्ष धर्मराज चौधरीले जनाएका छन् ।

कार्तिक ७ गतेदेखि नहर संरक्षणका लागि नगरपालिकाविरुद्ध किसानहरुले विभिन्न चरणको आन्दोलन गर्दै आएका छन्, तर मेयर चौधरीले किसानहरुको माग र अदालतको आदेशसमेत लत्याएर भूमाफियसँगको मिलेमतामा नहर मास्न लागिपरेकाले आन्दोलन गर्नुपरेको आन्दोलनका अगुवा हेमन्त यादवले बताए ।

त्यस क्षेत्रका प्रदेश सभासद राजेन्द्र चौधरीले प्रदेशसभामा खुटी नहरको अस्तित्व मासेर ढल बनाउन थालेपछि मेयर महेश चौधरीको कार्यशैलीको विरोध गर्दै प्रदेशका मुख्यमन्त्रीको ध्यानाकर्षणसमेत गराएका थिए ।

उच्च अदालत राजविराज-जनकपुरले साविक नहरको संरचना नबिग्रिने गरी ढल निकासको काम अगाडि बढाउन नगरपालिकाका नाममा आदेश जारी गरे पनि मेयर चौधरी प्रशासनको आडमा जबर्जस्ती नहरलाई ढल बनाउन लागेपछि किसानहरु आन्दोलित छन् ।

मेयर चौधरीलाई सिरहा प्रशासनले संरक्षण गरेको संघर्ष समिति सदस्य अजय चौधरीले आरोप लगाए । प्रशासनले लहान बजारभरि सयौंको संख्यामा सुरक्षाकर्मी परिचालन गरेको छ । सडकमा पानीका फोहोरा हान्ने गाडी तैनाथ गरेका थिए ।

प्रशासनले आफूहरुको शान्तिपूर्ण आन्दोलनमा हस्तक्षेप गरे कडा प्रतिवाद गर्ने किसानहरुले चेतावनी दिए ।

## भन्सार छली गरी ल्याउँदै गर्दा कपडासहित पक्राउ



टुडे समाचारदाता

रौतहट । रौतहटमा भन्सार छली गरी ल्याउँदै गरेको कपडासहित एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला रौतहट गौर नगरपालिका वडा नं. ५ मा खटिएको प्रहरी चेकजाँच टोलीले भारतबाट अवैध रूपमा चोरीपैठारी गरी ल्याइएको कपडासहित मोटरसाइकललाई नियन्त्रणमा लिएको हो ।

प्रहरीले बीआर ०७ एएन ५१९२ नम्बरको मोटरसाइकलमा अन्दाजी तीस हजार बराबरको कपडा ल्याउँदै गरेका व्यक्ति र मोटरसाइकल नियन्त्रणमा लिएको जानकारी दिएको छ । पक्राउ परेका व्यक्ति रौतहट जिल्ला गरुडा नगरपालिका वडा नं. ६ बस्ने ३४ वर्षीय अरुण मिया दर्जी हुन् ।

बरामद कपडा, अन्दाजी एक लाखको मोटरसाइकलसहित जम्मा एक लाख तीस हजार बराबरको सम्पत्ति आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको प्रहरी नायब उपरीक्षक दीपक कुमार रायले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएका छन् ।

# आर्थिक शोषणविरुद्ध जनजागरण अभियान

टुडे समाचारदाता

जनकपुरधाम । मिटरव्याज पीडितहरूले आर्थिक शोषणविरूद्ध जनजागरण अभियान सञ्चालन गर्ने भएको छ ।

जनकपुरधाममा शुक्रबार अभियानको शुरुवात माघ १४ गतेदेखि हुने जानकारी गराउँदै मिटरव्याजविरूद्ध किसान मजदुर आन्दोलन नेपालले आयोजना गरेको पत्रकार सम्मेलनमा दिएको छ ।

मिटरव्याजविरूद्ध किसान मजदुर आन्दोलन नेपालका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाले सो अभियानको शुरुवात जनकपुरधामबाट गर्न लागेको बताए । उनले मिटरव्याजविरूद्ध आन्दोलनको विस्तार गर्दै सो अभियानलाई अदालतविरूद्ध पनि चरम रूपमा अघि बढाइने बताए ।




उनले मिटरव्याजविरूद्ध संसदमा कानून बनेको भए पनि यसको कार्यान्वयनमा ढिलाइ भइरहेको र यस मुद्दामा ६० हजार निवेदन परेको भए पनि अहिलेसम्म १० प्रतिशत पनि पीडितहरूको मुद्दा समाधान नभएको बताए । उनले राज्यको प्राथमिकतामा मिटरव्याज पीडितहरूको मुद्दा नरहेको भन्दै यही स्थिति जारी रह्यो भने आन्दोलनको रूप परिवर्तन गर्ने चेतावनीसमेत बताए ।

त्यस्तै मिटरव्याजविरूद्ध किसान मजदुर आन्दोलन नेपालका केन्द्रीय महासचिव मनोज कुमार पासवानले सरकारसँग तीन चरणको वार्ता भए पनि सम्झौताका विषयहरू कार्यान्वयन नगरी चौथो चरणको आन्दोलनको तयारी थालिएको बताए । उनले देशभर मिटरव्याज पीडितहरू शोषणमा रहेका बताए । उनले मिटरव्याजको समस्यालाई पहिचान गर्न गठन गरिएको कार्यदलले कुनै कार्य परिणाम नदिएको बताए । उनले राज्यका निकायहरूले पीडितलाई झनै पीडित बनाएको आरोप लगाए ।

उनले मिटरव्याजी साहु, वित्तीय माफियाहरू, भू-माफियाहरू र यसका संरक्षकहरूको विरूद्ध जनसमुदायलाई सचेत गर्दै स्वतः सशक्त संघर्षमा संलग्न हुने वातावरण सिर्जना गर्ने लक्ष्य लिएको बताए ।

मिटरव्याज पीडितहरूको जनजागरण अभियानको कार्यक्रम माघ १४ गते जनकपुरधाममा हुने वृहत घोषणा सभामा सार्वजनिक गरिने उनको भनाइ छ ।

# गैर जिम्मेवार मधेश सरकार

ब्लग :



श्यामसुन्दर शशि

मैथिलीमा एउटा उखान छ- 'उगलल थूक गिरब ।' यसको नेपाली रुपान्तर हुन्छ- फालेको थूक पुनः निल्नु । प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धी विधेयक सदनमा दर्ता गरेको तेश्रो दिन शुक्रबार विधेयक नै फिर्ता लिएर मधेश प्रदेश सरकार मैथिलीको यस उखानलाई चरितार्थ गरेको छ । कुनै पनि विधेयक सदनमा दर्ता भएपछि वहस, छलफल, सुझावको दोहरी चल्नु र अन्तमा जनप्रतिनिधिहरुको राय सल्लाहमा परिमार्जन गर्नु वा सदनको अंक गणितको जोडवलमा जस्ताको त्यस्तै पारित गर्नु संसदीय विधि हो । मन्त्रिमण्डलको निर्णयद्वारा सदनमा दर्ता गरिएको विधेयकमाथि सत्ताधारी सांसदहरुको विरोधको अन्तर्य बुझ्न सकिन्छ तर कैविनेटका मन्त्रीहरुकै विरोध भने गैर जिम्मेवारीको पराकाष्ठा हो ।

यसले सत्ताधारी दलका नेता, सांसदहरु तथा कैविनेटका मन्त्रीहरुको कार्यशैली, कार्यकुशलता तथा नैतिकतामाथि गम्भीर प्रश्न खडा गरेको छ ।

सवाल उठ्न थालेका छन्- कैविनेट बैठकमा बसेका बेला मन्त्रीजीहरु निदाई रहनु हुन्छ कि ? निर्णय पढ्नु हुन्न कि ? निर्णय पढ्न आउँदै कि ? कैविनेटबाट हुने निर्णयबारे आफ्ना दलका नेता तथा सांसदहरुसंग राय सल्लाह गर्नु हुन्न कि ? मुख्यमन्त्री, मन्त्रीहरु तथा माननीयजीहरुले के पनि बुझ्नु पर्दछ भने यहाँहरुको यस्ता गैर जिम्मेवार क्रियाकलापले संघीयता कमजोर हुने छ । यहाँहरुको निर्णय क्षमतामाथि गंभीर सवाल उठ्ने छन् ।

मातृभाषा मानिसको सर्वाधिक प्रिय पहिचान हो । जो जन्मदिने आमा र जन्मग्रहण गर्ने भूमि वा भनौँ समाजबाट प्रत्येक मानिस स्वस्फूर्तरुपमा ग्रहण गर्दछन् । अध्ययन, प्रवास वा अनुभवबाट मातृभाषा बाहेकका अन्य भाषाहरु पनिबोल्न, लेख्न र सिक्न सकिन्छ । दुनियामा ७ हजार १ सय भाषा बोलिन्छन् । क्षेत्रफलको हिसाबले सानो भएपनि नेपालमा १ सय २४ भाषा बोलिन्छ । जबकि विशाल क्षेत्रफल भएको भारतमा १ हजार ६ सय ५२ वटा भाषा र बोली बोलिन्छ । भारतको संविधानको आठौं अनुसूचिमा २२ वटा भाषालाई सूचिकृत गरिएको छ ।

अष्ठम् अनुसूचिमा सूचिकृत भाषाहरुलाई संवैधानिक मान्यताप्राप्त छ । ती भाषाहरुको माध्यमले सरकारी, अर्धसरकारी तथा गैरसरकारी सेवा तथा अवसरहरु प्राप्त गर्न सकिन्छ ।

नेपालको संविधान- २०७२ को भाग १ को बुंदा ६ मा नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्र भाषा हुन भनि उल्लेख छ । भाग १को ७ को बुंदा १ मा देवनागरिक लिपिमा लेखिने नेपाली भाषा नेपाल सरकारको कामकाजको भाषा हुने तथा बुंदा नम्बर २ मा नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेश भित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढि अन्य राष्ट्र भाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने छ भनेर उल्लेख गरिएको छ । संविधानको धारा ७ को बुंदा नम्बर ३ मा भाषा सम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुने भनेर उल्लेख छ ।



नेपालको संविधान २०७२ को भाग १ को ७(२) अनुसार मधेश प्रदेश सरकारले संसदमा प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धी विधेयक दर्ता गरेको थियो ।

७ वर्ष ढिलो भएपनि मातृभाषाजस्तो प्रिय पहिचानलाई स्थापित गर्न खोजेको भने प्रदेशवासीले प्रदेश सरकार तथा माननीय ज्युहरुलाई प्रशंसा पनि गरेका थिए तर प्रस्तावित विधेयकमाथि वहस, छलफल हुनु पर्नेमा विधेयक नै फिर्ता लिएपछि पहिचानपक्षधरहरु निरास भएका छन् । विधेयकमा नेपालीको अतिरिक्त मैथिली, भोजपूरी, बज्जिका, हिन्दी र अंग्रेजीलाई मधेश प्रदेशको सरकारी कामकाजको भाषा रहने प्रस्ताव गरिएको थियो ।साथै सरकारी कामकाजको भाषाको रुपमा प्रस्तावित यी पाँच वटै भाषाको प्रयोग, संरक्षण, सम्बर्धन, अभिलेखीकरणसंगै भाषाविदहरुको विज्ञ समूह एवं सरकारी कामकाजको भाषा विकास परिषद समेत गठन गर्ने उल्लेख थियो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार, मुलुकमा नेपाली भाषीको जनसंख्या १ करोड ३० लाख ८४ हजार ४ सय ५७ अर्थात् ४४ दशमलव ८६ प्रतिशत छ भने मैथिली भाषीको जनसंख्या ३२ लाख २२ हजार ३ सय ८९ अर्थात् ११ दशमलव ०५ प्रतिशत छन् । मधेश प्रदेशको कुरा गरौ भने यस प्रदेशका मैथिली भाषीको संख्या ४१ दशमलव७३ प्रतिशत छ ।भोजपूरी भाषीको जनसंख्या १८ दशमलव ८१ प्रतिशत, बज्जिका भाषीको संख्या १८ दशमलव ४४ प्रतिशत, नेपाली भाषीको संख्या ५ दशमलव ७६ प्रतिशत, थारु भाषीको संख्या ४ दशमलव १७ प्रतिशत, उर्दु भाषीको संख्या ४ दशमलव ०८ प्रतिशत तथा हिन्दी र अंग्रेजी भाषीको संख्या १ प्रतिशत भन्दापनि कम छ ।

आफ्नो आमालाई सम्मान गर्ने अरुको आमालाई पनि सम्मान गर्छन । मातृभाषा पनि आमाजस्तै प्रिय, पवित्र र आदरणीय हुन्छ । मधेशमा बोलिने ६२ वटै भाषालाई सरकारी कामकाजको भाषा निर्धारण गर्ने हैसियत, साधन श्रोत र इक्षाशक्ति मधेश सरकारसंग छ भने सबै भाषालाई कामकाजको भाषा घोषणा गरोस् । कोहि दुःखी हुने छैनन् । टन्टै साफ तर यो सम्भव छैन । फेरी नेपालको संविधानले प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धमा प्रष्ट बोलेको छ- 'नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढि अन्य राष्ट्र भाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने छ ।

प्रदेश सरकारले विधेयकमार्फत प्रस्ताव गरेका पाँच भाषा संविधानको यस धारासंग मेल खान्छ ?संविधानको धारा ७ को बुंदा नम्बर ३ मा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम भाषा निर्धारण हुने उल्लेख छ ।

यहाँ स्मरणी के पनि छ भन्ने भाषा आयोगले दुई-दुई पटक मधेश प्रदेश सरकारलाई मधेसका भाषा भाषीहरुको संख्याको आधारमा मैथिली, भोजपूरी र बज्जिका भाषालाई सरकारी कामकाजको भाषा निर्धारण गर्न सल्लाह दिएको थियो ।

असलमा मधेश प्रदेश सरकार प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण नै गर्न चाहेको देखिदैन । अन्यथा तीन दिन भित्रै फालेको थूक पुनः निल्ने थिएन ।

# गरुडामा व्यापार तथा पर्यटन महोत्सव सुरु




टुडे समाचारदाता

रौतहट । रौतहटको मध्य क्षेत्र गरुडामा व्यापार र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले "व्यापार तथा पर्यटन महोत्सव" आयोजना गरिएको छ । गरुडा नगर उद्योग वाणिज्य संघको आयोजनामा माघ १० गतेदेखि माघ २५ गतेसम्म श्रीराम सुगर मिल्सको चौरमा महोत्सव सञ्चालन हुने भएको छ ।

व्यापार तथा पर्यटन महोत्सव" को उद्घाटन गर्दै प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य बिणा देवी साहले "आर्थिक मन्दीको समयमा स्थानीय व्यापारीहरुलाई यस महोत्सवको आयोजनाले व्यापारमा बृद्धि गर्न मद्दत गर्ने छ । यस महोत्सवले गरुडा नगरपालिकाका नागरिकहरुलाई आर्थिक पहुँच सगै आय आर्जनमा सुधार ल्याउन सघाउने बताए ।

गढिमाई नगरपालिकाका नगर प्रमुख श्याम प्रसाद यादबले महोत्सवबाट केवल यहाँको व्यापारीहरुलाई मात्रै लाभ पुर्याउने हैन यस आसपासका क्षेत्रका व्यापार प्रवर्द्धन क्षेत्रलाई समेत टेवा पुग्ने विश्वास व्यक्त गरे ।

महोत्सवको सुरक्षार्थ सुनिश्चित गर्न सिसि क्यामरा जडान गर्ने प्रतिबद्धता आयोजक समितिले जनाएको छ । "महोत्सवमा विभिन्न प्रकारका स्टलहरु रहेका छन् । कृषि उत्पादन, हस्तकला, स्वदेशी उत्पादित वस्तुहरु, शिक्षा सामग्री प्रदर्शनी, र स्वास्थ्य एवं पर्यटनसँग सम्बन्धित स्टल शामिल छन् । यस अवसरमा रौतहट जिल्लाका कृषिजात उत्पादनहरुको प्रदर्शनी पनि गरिएको छ, जसले यहाँको उत्पादनशीलता र राष्ट्रिय संकल्पलाई प्रस्तुत गर्न सक्षम बनाउँछ । महोत्सव वारे गरुडा नगर उद्योग बाणिज्य संघका अध्यक्ष सतिश कुमार साहले उद्देश्य र महत्वबारे जानकारी गराएका थिए । जानकारी गराउदै अध्यक्ष साहले भने "हाम्रो प्रयासले यहाँका व्यवसायीहरुलाई आर्थिक राहत र अभ्यस्तता प्रदान गर्ने जिकिर गरे ।

गरुडा नगरपालिकाको उपप्रमुख श्रीमती पुनम चौधरीले आयोजित महोत्सवले सीप हस्तान्तरण गर्न र छोटो अवधिको रोजगार प्रदान गर्न सहयोग पुग्ने बताइन् ।

महोत्सवमा करिब दुई लाख भन्दा बढी दर्शकले अवलोकन गर्ने मूल आयोजक समितिका संयोजक रामबाबु साह तेलीले जनाए । पन्ध्र दिन सम्म सञ्चालन हुने महोत्सवमा ९ करोड रुपियाँ बरावरको कारोबार हुने अनुमान गरिएको छ ।

महोत्सवमा बृन्दावन नगरपालिकाको पुर्व नगर प्रमुख रामस्नेहि यादब, गरुडा नगरपालिकाको मेयर प्रत्याशि बृजकिशोर यादब, मेयर प्रत्याशि सुनिल यादब, नेपाल सुन चाँन्दी ब्यवसाय महासंघ मधेश प्रदेशको अध्यक्ष रामजी साह सोनार ,जसपाका युवा नेता राजकुमार दास तत्मा लगायतका विभिन्न वक्ताहरुले मन्तव्य राख्दै महोत्सवको पूर्ण सफलताको कामना गरेका थिए ।

रौतहट उद्योग वाणिज्य संघद्वारा व्यवसायिक वातावरण सुधारका लागि छलफलको आह्वान

दिलीप पाण्डे रौतहट । रौतहट उद्योग वाणिज्य संघले बजार अनुगमनको नाममा उद्योगी व्यवसायीलाई त्रसित पार्ने गतिविधिप्रति गम्भीर ध्यानाकर्षण जनाएको छ । संघले यस किसिमको गतिविधिले व्यवसायिक वातावरणमा प्रतिकूल प्रभाव पार्नुका साथै सरकारलाई तिर्ने राजस्वमा समेत असर पर्ने चेतावनी दिएको छ ।

संघका महासचिव रविन्द्रनाथ गोपालीले जारी गरेको सूचनामा व्यवसायीहरूको समस्या समाधान र व्यवसायिक वातावरण सुधारका लागि सहकार्य आवश्यक रहेको औंल्याउँदै, यसबारे छलफल गर्न सबै व्यवसायीहरूलाई बैठकमा उपस्थित हुन आह्वान गरिएको छ ।

छलफल बैठक माघ १२ गते शनिबार दिउँसो ११:०० बजे रौतहट उद्योग वाणिज्य संघको सभाहलमा आयोजना गरिने छ । यस क्रममा सबै व्यवसायीहरूलाई आ-आफ्नो पसल बन्द गरी उपस्थित हुने अनुरोध गरिएको छ ।

संघले सरकार र व्यवसायीबीचको सम्बन्धलाई नङ र मासुको जस्तो भन्दै, दुवै पक्षले व्यवसायिक वातावरणलाई सुदृढ बनाउन एकअर्कासँग सहकार्य गर्नुपर्ने आवश्यकता औंल्याएको छ ।

संघले बजार अनुगमनका नाममा भइरहेको त्रासदीपूर्ण गतिविधि रोक्न सरकार र सरोकारवाला निकायलाई तत्काल पहल गर्न आग्रह गरेको छ । व्यवसायिक वातावरण बिग्रन नदिन र व्यवसायीहरूको मनोबल उच्च राख्न यसप्रकारको छलफलले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छ ।

# राष्ट्रिय एकता अभियानको कार्यालय स्थापना

टुडे समाचारदाता

वीरगञ्ज । राष्ट्रिय एकता अभियानले पर्सा जिल्लामा आफ्नो नयाँ कार्यालय स्थापना गरेको छ ।

वीरगञ्जमा शुक्रबार विशेष कार्यक्रमबीच सो कार्यालय उद्घाटन अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले गरे । उनले राष्ट्रिय स्वाभिमान र पहिचानको रक्षा अभियानको मुख्य ध्येय रहेको बताउँदै अभियानले सामाजिक एकता र राजनीतिक स्थायित्वका लागि महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे । सो कार्यक्रममा प्रमुख अतिथिका रूपमा संरक्षक सेवक सौरभनाथ महाराजको उपस्थिति थियो ।

सो कार्यक्रममा केन्द्रीय सदस्य ओमबाबु यादव र अरविन्द त्रिपाठीले सम्बोधन गर्दै अभियानका उद्देश्य र महत्वलाई स्पष्ट पारे। नेताहरूले ओली सरकारले चीनसँग गरेको सहमतिहरूको आलोचना गर्दै चिनियाँ हस्तक्षेपलाई खतरनाक भने । उनीहरूले विदेशी प्रभावलाई रोक्न र नेपालको स्वाभिमान जोगाउन सरकारको उदासीनता अन्त्य गर्नुपर्ने माग गरे ।

सोकार्यक्रम पर्सा जिल्ला संयोजक विकाउ प्रसाद भण्डारी (थारू)को अध्यक्षतामा सम्पन्न भयो भने सञ्चालन केन्द्रीय सदस्य राजेश यादवलेगर्नुभएकोथियो। जिल्लास्तरीय गतिविधि र अभियानलाई प्रभावकारी बनाउन आवश्यक रणनीतिहरूबारे पनि छलफल भयो।

नेताहरूले अभियानको भावी योजनाहरूबारे चर्चा गर्दै समाजमा देशभक्तिपूर्ण भावना जगाउन जोड दिए । उनीहरूले सामाजिक एकता र स्थायित्वलाई प्रोत्साहन गर्न अभियानको भूमिकालाई महत्त्वपूर्ण बताउँदै थप सशक्त कार्यनीति आवश्यक रहेको बताए ।

अभियानले चिनियाँ विस्तारवादको विरोध र नेपालका आन्तरिक मामिलामा विदेशी हस्तक्षेपलाई रोक्न कडा कदम चाल्न सरकारलाई सचेत गराउँदै आएको छ। नेताहरूले ओली सरकारले चीनसँग गरेको सहमतिको समीक्षा गरी राष्ट्रिय हितलाई प्राथमिकतामा राख्न सरकारलाई आग्रह गरेका छन् ।

राष्ट्रिय एकता अभियानले नेपालको पहिचान, सामाजिक एकता, र स्थायित्वको संरक्षण गर्दै देशव्यापी गतिविधि विस्तार गर्ने योजना बनाएको छ । अभियानले आफ्नो भूमिका प्रभावकारी बनाउन स्थानीयस्तरमा पनि सक्रियता बढाउने प्रतिबद्धता जनाएको छ ।


## सामाजिक अपराध र हिंसा विरुद्ध एकजुट होऔं

- अपराधमुक्त समाजका लागि कानूनी दायित्व निभाऔं,
- पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं,
- हिँसा र अपराधका घटनालाई रोक्न सामुदायिक सचेतना फैलाऔं,
- महिला र बालबालिकाकको सुरक्षामा ध्यान दिऔं,
- सामाजिक अपराध र हिँसा विरुद्ध एकतावद्ध भएर आवाज उठाऔं,
- अपराध भएको वा हुनसक्ने आशङ्का लागेमा तुरुन्त प्रहरीलाई खबर गरौं,
- सामाजमा हुने विभेद, भेदभाव, अन्याय र अत्याचारको सबै मिलेर अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८